**हेलो सरकारमा गुनासो गरौं, समस्याको समाधान खोजौं**

- सार्वजनिक स्थल वा निकायमाः
- कुनै भेदभाव भएमा,
- सेवा प्राप्तिमा वञ्चित वा अवरोध भएमा,
- सार्वजनिक कार्यबाट नोक्सानी वा कुनै पीरमर्का भएमा हेल्लो सरकारमा सम्पर्क गरौं ।
- हेलो सरकारको निश्शुल्क टेलिफोन नम्बर ११११ तथा सामाजिक सञ्जालमार्फत गुनासो गरी समस्याको समाधान खोजौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० असोज १० गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 September 27 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६❖ अङ्क ३९

## अनुचित लेनदेन हेर्ने निकायमा राजनीति हाबी

प्रस, वीरगंज, ९ असोज/

अनुचित लेनदेन (मिटरब्याजी) सम्बन्धी उजूरी हेर्ने निकाय जिल्ला प्रशासन कार्यालय, पर्सामा राजनीतिक हस्तक्षेप बढेपछि समस्या जस्ताको त्यस्तै रहेको समाचार छ ।

वास्तविक पीडितहरू पीडित नै छन् भने नक्कली पीडितहरूले न्याय पाइरहेका छन् । जिप्रका, पर्साले उजूरी तथा छलफलको नाममा झारा टार्ने काम गरिरहेको पीडित पक्षले आरोप लगाएका छन् । २०८० जेठ २४ गते शुरू भएको उजूरीको छानबीन प्रक्रिया अहिलेसम्म मिलापत्र ३७७ र मुद्दा दर्ता दुईवटा गरी ३७९ वटाको उजूरी फछ्र्योट भएको देखिन्छ । तर सो अवधिमा एक हजार ३२१ वटा उजूरी परेकामध्ये अहिलेसम्म २५ प्रतिशत फछ्र्योटले राजनीतिक हस्तक्षेप बढेको प्रस्ट देखिन्छ ।

पीडकको रूपमा रहेका कर्जाधनीहरू अहिले पनि विभिन्न बहाना बनाइ वा राजनीतिक आडमा सम्पर्कमा आएका छैनन् । तर तिनीहरूबाट पीडित भएकाहरू दैनिक जिप्रका, पर्साको सम्पर्कमा रहेका र त्यहाँ दिन बिताइरहेका छन् ।

यस विषयमा अनुचित लेनदेन (मिटरब्याजी) मुद्दा हेर्ने सहायक प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्सालले कुनै राजनीतिक हस्तक्षेप नभएको तर अहिलेसम्म १५७ जनाले अदालतबाट निषेधाज्ञा जारी गरेपछि उनीहरूको मुद्दा हेर्न नमिल्ने भएकाले फछ्र्योट मुद्दाको सङ्ख्यामा कमी आएको बताए । तर अहिले बिस्तारै अदालतबाट निषेधाज्ञाको मुद्दा टुङ्गो लागेपछि पुनः हेर्ने काम भइरहेको उनले बताए ।

सप्रजिअ लम्सालका अनुसार अहिलेसम्म १५ बिघा दुई कट्ठा नौ धुर तथा कित्ता सङ्ख्या ७४ वटा फिर्ता भइसकेको बताए । अधिकांश ऋणीले जमीन आफ्नो नियन्त्रणमा लिएको र पीडितले उजूरी दिएपछि छलफल गराइ आपसी सहमतिमा सो जमीन फिर्ता गराइएको उनले बताए । त्यसैगरी, अहिलेसम्म रु सात करोड ६१ लाख फिर्ता गराएको उनले दाबी गरे ।




वीरगंज मनपामा सातजना, छिपहरमाई गाउँपालिकामा तीनजना, सखुवाप्रसौनीमा चारजना, बहुदरमाई नपामा दुईजना, जगरनाथपुरमा चारजना, पर्सागढीमा दुईजना, कालिकामाईमा तीनजना, जीराभवानीमा तीनजना, पोखरियामा सातजना, पटेर्वासुगौलीमा दुईजना गरी ३६ जनाको १५ बिघा दुई कट्ठा नौ धुर जग्गा फिर्ता गराएको तथ्याङ्कमा देखिन्छ ।

जिप्रका, पर्साले उपलब्ध गराएको ३६ जना पीडितको तथ्याङ्क अनुसार वास्तविक ऋण लिएको र धनीले दाबी गरेको रकममा १० गुणा फरक रहेको छ ।

वास्तविक ऋणीहरूले अहिलेसम्म १५ लाख ५४ हजार ऋण लिएको दाबी गरेका छन् भने सोबापत साहुहरूले १० करोड ९७ लाख ७७ हजार साँवा, ब्याज दाबी गरेका छन् ।

### अनुचित तरीकाले सहकारीको मुद्दा हेर्दै

अनुचित लेनदेनसम्बन्धी जाँचबुझ आयोगले स्पष्टरूपमा सहकारीको मुद्दा नहेर्ने भने पनि गोप्य तरीकाले सहकारीको पनि लेनदेन मुद्दा जाँचबुझ भइरहेको बताइन्छ ।

अहिले पनि दुईजना लेनदेनकै मुद्दामा जिल्ला प्रहरी कार्यालय, पर्साको थुनामा रहेका छन् । समाचार स्रोत अनुसार अधिकांश सहकारीका सञ्चालकले आफ्नो कालोधन लुकाउन पनि सहकारीलाई प्रयोग गरेको बुझिन्छ ।

एकजना पीडितका अनुसार जमीन राखेर ऋण लिंदा सहकारीमा बोलाउने, सम्पूर्ण कागजात व्यक्तिको नाममा बनाउने र ऋण सहकारीमार्फत पटक–पटक दिने गरिएको छ । पीडितले आफूले सहकारी संस्थाको नाममा जमीन राखेर ऋण लिएको तर पछि सो जमीन व्यक्तिको नाममा गएपछि उनले मिटरब्याजीसम्बन्धी उजूरी दिएको बताए ।

स्रोत अनुसार अहिले दैनिक विभिन्न सहकारी संस्थाका सञ्चालकहरूको जिल्ला प्रशासन कायालयमा भीड लाग्ने गरेको र उनीहरूकै अहिले रजगज रहेको देखिन्छ ।

## मानसिक रोगी जोगेश्वर निको भएर पुरानै काममा व्यस्त

प्रस, वीरगंज, ९ असोज/



तीन वर्षअघि गोठमा सिक्रीले बाँधिएर राखिएका ठाकुर अहिले उपचारपछि फर्निचरको काम गर्दै । तस्वीरः सौजन्य

कलैया उपमहानगरपालिका–१८ मोतीसर निवासी जोगेश्वर ठाकुर मानसिक रोगबाट मुक्त भएपछि अहिले पुरानै काममा फर्किएका छन् ।

ठाकुर एक वर्ष वीरगंजस्थित मानवसेवा आश्रममा बसेका थिए र उनको उपचार मनोरोगी डा भरत गोइतले गरेका थिए । अहिलेसम्म उनको उपचार डा गोइतले नै गर्दै आएका छन् । ठाकुर तीन वर्षअघि घरमैं सिक्रीले बाँधिएर चार वर्षसम्म गोठमा जीवन बिताएका थिए । कोरोनाकालमा राहत वितरण गर्ने क्रममा उनलाई सामाजिक कार्यकर्ता प्रकाश थारूले उद्धार गरेर मानवसेवा आश्रममा पुऱ्याएका थिए । चार वर्षदेखि घरमैं सिक्रीमा बाँधिएर बसेका ठाकुरको उद्धारपछि मानवसेवा आश्रममा नियमित उपचार भएको थियो र उनमा सुधार आएपछि मोतीसर घर पठाइएको थियो । गाउँटोलका मानिसहरूलाई ढुङ्गामुढा गर्न थालेपछि ठाकुरलाई गोठमा बाँधेर चार वर्षसम्म राखिएको थियो ।

उपचारपछि मानसिक अवस्थामा सुधार आएपछि दुई वर्षदेखि ठाकुर अहिले आफ्नो नियमित काम फर्निचर बनाउँदै छन् । यसअघि, उनी फर्निचर बनाउने कार्यमा मोतीसरमा नाम चलेका व्यक्ति भएको पूर्ववडासदस्य राजकुमार साह बताउँछन् ।

मानसिक स्थिति बिग्रिएपछि उनलाई घरमा राखिएको र पछि मानवसेवा आश्रमले उद्धार गरेको र अहिले उनको अवस्थामा निकै सुधार आएको वडासदस्य साहले बताए । ठाकुरको चारजना छोरी र एक छोरा छन् । छोरीहरूको विवाह भइसकेको छ । अहिले उनी घरमा पत्नी, आमा र छोरासँग बस्दै आएका छन् । ठाकुरले मासिकरूपमा डा गोइतसँग भेट्ने र उनको सल्लाहमा औषधि लिंदै आएका छन् ।

डा गोइतले ठाकुरको उपचार निश्शुल्क गर्दै आएको सामाजिक कार्यकर्ता प्रकाश थारूले बताए ।

## अनुमतिविना सञ्चालित कलेज/स्कूललाई जरिवाना

प्रस, वीरगंज, ९ असोज/

वीरगंज महानगरपालिकाले अनुमतिविना सञ्चालित नौवटा शैक्षिक संस्थालाई दण्ड–जरिवाना र कारबाई गरेको छ ।

महानगरको शिक्षा समितिको हिजो बसेको बैठकले संस्थागत विद्यालय नियमन समितिले अनुगमनका क्रममा सिलबन्दी गरेका नौवटा शैक्षिक संस्थालाई रु एक/एक लाख जरिवाना गर्नुका साथै शैक्षिक कार्यक्रममा रोक लगाउने र व्यवसाय दर्ता गरेका शिक्षण संस्थाहरूको दर्ता पनि खारेज गर्ने निर्णय गरेको छ ।




शिक्षा समितिद्वारा गठित संस्थागत विद्यालय नियमन समितिले गत भदौ १३ गतेदेखि अनुगमन गर्ने क्रममा अवैधरूपमा सञ्चालित नौवटा शिक्षण संस्थामा सिलबन्दी गरेको थियो ।

नियमन समितिका संयोजक ईश्वरचन्द्र यादवले अनुमति नलिई सञ्चालनमा रहेका नौवटा कलेज, एउटा प्रिस्कूल तथा कलेज सञ्चालनका लागि

(बाँकी अन्तिम पातामा)

## सुकुमबासी सङ्घर्ष समितिद्वारा नगरप्रमुखलाई ज्ञापनपत्र

प्रस, निजगढ, ९ असोज/



ज्ञापनपत्र बुझ्दै निजगढ नगरप्रमुख सुरथ पुरी । तस्वीरः प्रतीक

भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोवासीहरूलाई जतिसक्दो चाँडै जग्गाधनी पुर्जा उपलब्ध गराउन निजगढ नगरपालिका अग्रसर नभएको भन्दै नगरप्रमुख सुरथ पुरीलाई मङ्गलवार सुकुमबासी सङ्घर्ष समिति, निजगढका संयोजक बेनीबहादुर मुक्तानले ज्ञापनपत्र बुझाएका छन् ।

नेपाल सरकारबाट गठित राष्ट्रिय भूमि आयोग लगत सङ्कलन कार्यविधि २०७८ बमोजिम निजगढ नगरपालिकाले १३ वटै वडामा कुनै पनि किसिमको भूमिसम्बन्धी कार्यलाई अघि नबढाएको र सुकुमबासीको पक्षमा बेवास्ता गरेको आरोप लगाउँदै सो ज्ञापनपत्रमा खेद जनाइएको छ ।

राष्ट्रिय भूमि आयोग केन्द्रीय कार्यालय, काठमाडौंबाट पटकपटक लगत सङ्कलन र अधूरो काम सम्पन्न गर्नाका

(बाँकी पाँचौं पातामा)

## महानगरद्वारा दुई महीनामा १० करोड राजस्व सङ्कलन

प्रस, वीरगंज, ९ असोज/

वीरगंज महानगरपालिका कार्यालयले दुई महीनामा १० करोड ३८ लाख ५१ हजार राजस्व सङ्कलन गरेको छ ।

वीरगंज महानगर राजस्व महाशाखाका प्रमुख मनोज कर्णले आव २०८०/८१ को साउन १ देखि ३२ गतेसम्म एक महीनामा छ करोड ३० लाख ३१ हजार ४४० राजस्व सङ्कलन गरेको थियो भने भदौ १ देखि ३१ गतेसम्म चार करोड आठ लाख २० हजार २१० गरी दुई महीनामा रु १० करोड ३८ लाख ५१ हजार ६५० राजस्व सङ्कलन गरेको बताए ।

महानगरले आव २०८०/८१ को भदौ १ देखि ३१ गतेसम्म सम्पत्ति करमा दुई करोड ३० लाख छ हजार ५४१, भूमिकर/मालपोत करबाट १० लाख २१ हजार ७७९, घरबहाल करबाट ५० लाख ९६ हजार १११, बिटौरी करबाट दुई लाख ९० हजार, साना सवारीबाट पाँच लाख नौ हजार, पूर्वाधार सेवाको उपयोगमा लाग्ने करबाट १४ हजार चार सय, व्यवसाय रजिस्ट्रेशन करबाट २८ लाख ८८ हजार एक सय, सरकारी सम्पत्ति बहालबाट दुई लाख १३ हजार ७५०, अन्य सेवा शुल्कबाट २५ लाख ६० हजार, प्रशासनिक सेवा शुल्कबाट एक लाख ७५ हजार, नक्शापासबाट २१ लाख २८ हजार, सिफारिश दस्तुरबाट १९ लाख २५ हजार, व्यक्तिगत घटना दस्तुरबाट दुई लाख ७३ हजार र नाता प्रमाणितबाट दुई लाख ३४ हजार गरी भदौ एक महीनामा चार करोड आठ लाख २० हजार २१० राजस्व सङ्कलन गरिएको छ ।



**विचारसार र सूक्तिहरू**

**व्यक्तिको रूपमा हामी एक थोपा हौं, व्यक्ति–व्यक्तिको समायोजन भयो भने विशाल समुद्र बन्छौं ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# व्यापारघाटा चुलिंदै

**कुनै पनि देशको अर्थतन्त्र राम्रो हुन त्यो देशको आम्दानी स्रोत बलियो हुनुपर्छ । यसका लागि उत्पादन बढाउँदै वस्तु र सेवा बिक्री गर्ने प्रतिस्पर्धी क्षमता मजबूत चाहिन्छ । स्वदेशी उत्पादनमा लागत कम हुनुपर्छ । अहिले नेपाली अर्थतन्त्र समस्यामा पर्नुको प्रमुख कारक चुलिंदो व्यापार घाटा र वैदेशिक मुद्राको घट्दो सञ्चिति हो । मुद्रा सञ्चिति घट्नुको कारण व्यापार घाटा नै हो । चालू आर्थिक वर्ष २०८०/८१ को प्रारम्भिक दुई महीनामा मुलुकले रु दुई खर्ब ५९ अर्ब ७४ करोड ९८ लाख बराबरको वस्तु आयात गर्दा निर्यात भने रु २६ अर्ब ४४ करोड ७० लाखमा खुम्चिएको छ । सो अनुसार मुलुकले दुई महीनामा रु दुई खर्ब ३३ अर्ब ३० करोड बराबर घाटा बेहोरेको छ । तथ्याङ्क अनुसार बितेको आर्थिक वर्ष २०७९/८० को भदौ मसान्तसम्मको तुलनामा चालू आवको सोही अवधिमा वस्तुको आयात ५.६ प्रतिशत र निर्यात ७.७९ प्रतिशतले घटेको छ । आयातको तुलनामा निर्यात निकै बढी घटेको देखिन्छ । राष्ट्रिय अर्थतन्त्रका लागि यो सकारात्मक सङ्केत होइन ।**

**हामीले तेस्रो मुलुकभन्दा पनि आफ्नै छिमेकी मुलुक भारत र चीनसँग पनि व्यापार घाटा बेहोरिरहेका छौं । भारतको तुलनामा चीनसँग व्यापार घाटा कम छ । नेपालले दक्षिणी छिमेकी भारतसँगको व्यापार घाटा नौ खर्ब रुपैयाँ बेहोर्दा उत्तरी छिमेकी चीनसँगको व्यापार घाटा सवा दुई खर्ब बेहोर्नुपरेको देखिन्छ । आव २०७९/८० मा भारतबाट १० खर्ब २७ अर्ब चार करोडको आयात गर्दा नेपालले एक खर्ब सात अर्ब छ करोडको मात्रै वस्तु–सेवा निर्यात गरेको देखिन्छ । यस्तै आव २०७८/७९ मा भारतसँग १० खर्ब ४४ अर्ब ९३ करोड व्यापार घाटा थियो भने चीनसँग दुई खर्ब ६३ अर्ब ९७ करोड रुपियाँ व्यापार घाटा थियो । नेपालको वैदेशिक व्यापार शुरूदेखि सन् १९५० को दशकमा दुई छिमेकी देश भारत र चीन तिब्बतसँगको व्यापारदेखि सन् २००४ मा विश्व व्यापार सङ्गठनको सदस्य देश भएपछि पनि निर्यात गर्ने वस्तु संरचनामा खासै परिवर्तन आएको छैन । आव २०७८/७९ मा नेपालको कुल व्यापार घाटा १७ खर्ब २० अर्ब ४१ करोड रुपियाँ थियो । आव २०७८/७९ मा कुल निर्यातको हिस्सा ९.४३ प्रतिशत थियो । आव २०७९/८० मा निर्यात कुल व्यापारको ०.८ प्रतिशतमा सीमित भयो । निर्यातमा कमी आउनु दु:खद विषय हो ।**

**निर्यात बढ्न देशमा निर्यातयोग्य वस्तुको उत्पादन हुनुपर्छ, त्यो पनि उच्च प्रतिस्पर्धी क्षमतासहित । कम मूल्यमा उच्च गुणस्तरका वस्तु उत्पादन गर्न सक्नुपर्छ । तर हामीसँग अहिले त्यो क्षमता देखिंदैन । ग्लोबल कम्पिटिटिभनेस रिपोर्ट अनुसार, विश्वका १४१ देशमध्ये प्रतिस्पर्धाको हिसाबले नेपाल १०८औं क्रममा पर्छ । व्यापार घाटा कम गर्नका लागि नेपालले निर्यातका आधार पहिचान गर्न सक्नुपर्छ । त्यसैगरी, आफ्नो मुलुकका लागि अति आवश्यक सामग्रीहरू मुलुकभित्रै उत्पादन गर्न सक्नुपर्छ । हाल हाम्रो मुलुकले निर्यात गर्ने वस्तुमा धागो, ऊनी गलैंचा, जुट उत्पादन, तयारी पोशाक, जुस, उलन फेल्टका उत्पादन, चिया, कुकुरको आहार, पश्मिना सल, कपडा, चाउचाउ, रोजिन र टर्पेनटाइन, जडीबुटी, नेपाली हाते–कागज, अदुवा र जुत्ता–चप्पल आदि छन् । जल, जङ्गल र जडीबुटीबाट निर्यातजन्य वस्तु खासै उत्पादन गर्न सकिएको छैन । स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योग स्थापना एवं जीर्ण उद्योगको संरक्षण र पुनर्स्थापनामा सरकार अग्रसर हुनुपर्छ ।**

# नेपाली प्रमको चीन भ्रमण–२

**स्वतन्त्र विचार**



**विनोद गुप्ता**

**२०५७ सालदेखि नै तैं चुप, मैं चुप भनेर बस्ने भतुवा राजनीतिज्ञहरूको यस्तै हविगत हुनुपर्ने हो, तर अफसोस जनताले यो प्रपञ्च बुझ्न सकेको छैन । जनतालाई भोको पेटको व्यवस्थापन गर्दै फुर्सद छैन र पो राजनीतिकर्मीहरू यस विधि गति र मति दुवै छाडा हुन पुगेका छन् ।**

अहिले सधैं शान्त रहने गरेको वा शान्त रहेको नेपाल–चीन सम्बन्धमा तरङ्ग देखिन थालेको छ । सबै कामकुरा चुपचाप भइरहे पनि अहिले आएर चिनियाँ राजदूत महोदयले सार्वजनिक गरेको नेपाल–भारत सम्बन्ध विषयक विचारलाई लिएर हामीमा एकाएक राष्ट्रवाद जाग्न पुगेको छ र हामी राष्ट्रियताले ओतप्रोत भएका छौं । यस आगोमा घ्यू थप्ने काम झन् चीनद्वारा जारी नक्शाले गरेको छ, जसमा नेपालको चुच्चे भाग देखाइएको छैन । चुच्चे भागले नेपालको कालापानी, लिपुलेक र लिम्पियाधुराको प्रतिनिधित्व गर्दछ । सन् १९६२ अर्थात् विस २०१९ सालको चीन–भारत युद्धमा भारतले हार बेहोरेपछि यो क्षेत्रलाई भारत सरकारको अनुरोधमा नेपालद्वारा सैनिकपोस्ट स्थापना गर्न दिइएको थियो, जसलाई पटकपटक र खासगरी पञ्चायतकालमा प्रधानमन्त्री कीर्तिनिधि विष्टले हटाउने जोडदार प्रयास गरे पनि अहिलेसम्म हट्न सकेको छैन । कालापानीको इतिहास हेर्दा नेपाल र चीनले विस २०१८ सालमा सीमा सन्धि गरेर संयुक्त सीमाङ्कन गर्दा त्रिदेशीय सीमाविन्दुको उल्लेख भएको वा गरेको पाइँदैन । त्यसको सट्टा त्यस इलाकाको पानीढलोको वर्णन मात्र पाइन्छ, जबकि चीन र ब्रिटिश इन्डियाबीच भएको सम्झौता, सन्धि र नक्शाहरूमा त्रिदेशीय विन्दुबारे जानकारी भए पनि भारतको उपस्थितिमा मात्र अन्तिम निर्णय गर्नेगरी थाती राखेको देखिन्छ ।

त्यसपछि २०५७ सालमा बेइजिङमा सम्पन्न चीन–भारत संयुक्त कार्यदलको बैठकमा दुवै देशले वास्तविक नियन्त्रणरेखा अङ्कित नक्शा आदानप्रदान गर्दा नेपाल, भारत र चीनको पश्चिमी त्रिदेशीय विन्दु तोकिएको समाचार प्रकाशित भएको थियो । यसलाई लिएर २०५७ सालमैं काठमाडौंमा परराष्ट्र मन्त्रालयस्तरीय बैठक भएको थियो, जसमा नेपालको उपस्थितिविना यस्तो निर्णय कसरी भयो भन्ने प्रश्नमा त्यस बेला चिनियाँ प्रतिनिधिमण्डलका नेता वाङयीले चीन कालापानी विवादबारे जानकार रहेकोले आफ्नो तर्फबाट त्रिदेशीय विन्दु तोकेको नक्शा पेश नगरेको तर भारतले चीनलाई दिएको नक्शामा कालापानी आफैंतिर राखेर आफूखुशी त्रिदेशीय विन्दु कोरेको भनाइ सार्वजनिक भएको थियो ।

अझ यसभन्दा पछि २०६१ सालमा चिनियाँ प्रधानमन्त्री जियावाओको भारत भ्रमणको क्रममा हस्ताक्षरित सीमासम्बन्धी प्रोटोकलमा 'मध्य सेक्टरको लिपुलेक–च्याङला भञ्ज्याङलाई संलग्न गरी सीमा बैठक विन्दुहरूको संयन्त्र विस्तार गर्न सिद्धान्तत: दुवै पक्ष सहमत' भनेर उल्लेख भएको पाइन्छ भने २०७२ सालमा भारतीय प्रधानमन्त्रीको चीन भ्रमणको क्रममा भएको सीमासम्बन्धी सम्झौतामा लिपुलेक नाकाबाट व्यापार अभिवृद्धि गर्नेगरी वार्ता अघि बढाउने कुरासमेत उल्लेख छ । यस घटनाक्रमबाट चीनले स्पष्टत: कालापानी, लिपुलेक, लिम्पियाधुरा क्षेत्रमा भारतको आधिपत्य स्वीकार गरिसकेको देख्दादेख्दै २०५७ र २०६१ मा समेत चुइँक्क बोल्न नसकेको नेपाल सरकारले भारतले यी तीनवटै पश्चिमी नेपालको भूभाग गाभेर नक्शा बनाएपछि बल्ल बोली फुराउन सक्यो र त्यो पनि कस्तो भने सम्पूर्ण सदनबाट पारित उक्त नक्शालाई अन्य देशलाई त छाडौं, राजनीतिक सम्बन्ध रहेका देशहरूलाईसमेत आधिकारिक जानकारी नदिएको देखिन्छ । तत्कालीन प्रधानमन्त्री ओलीले आफ्ना भारतीय समकक्षीलाई दशैंको शुभकामनापत्रमा समेत चुच्चे नक्शा राख्ने साहस नगरेकोबाट नै यो भ्रूटो राष्ट्रवादको खेती हो भन्ने आभास त भइ नै सकेको थियो ।

चीनले प्रकाशित गरेको नक्शा वस्तुत: भारतले प्रकाशित गरेको नक्शाको जवाफ हो, तर त्यसमा चुच्चे नक्शा नराखेर उसले नेपाल र भारत दुवैलाई राजनीतिक जवाफ दिएको छ । उसले नेपाललाई एकातिर चुप लाग्ने संदेश दिएको छ भने अर्कोतिर भारतलाई पूर्व चिनियाँ नेता तेङ जियाओपिङको अरुणाचल प्रदेशको सट्टा आक्साई चीनको भूमी साटफेर गर्ने प्रस्तावलाई ब्युँताउन खोजेको हो ।

कालापानी, लिपुलेक र लिम्पियाधुराका साथै करीब ७८ ठाउँमा नेपाल–भारतको सीमा विवाद रहेको सुनिएकोमा चीनले हालै जारी गरेको नक्शामा समेत हुम्लाको भागदोर नदी क्षेत्रमा छ हेक्टर र सुवाको सान्जेन र भुरजङ्ग नदी र जम्बु खोलाको छ हेक्टर, सिन्धुपाल्चोकको खरानेखोला र भोटेकोशी क्षेत्रको ११ हेक्टर, सङ्खुवासभाको ९ हेक्टरका साथै गोरखाको रूय र तेघागाउँ तथा सङ्खुवासभाको कामुखोला, अरुण खोला र सुम्जङ्ग खोलासमेत तिब्बतको तिङगिस्य काउन्टीमा पारिएको समाचारहरू प्रकाशमा आएका छन् । आश्चर्यजनक रूपमा यसबारे कोही मुख खोल्न तयार छैन । के यो भूभाग नेपालको होइन ? भूकम्पपछिको आठ वर्ष तातोपानी नाका नखोल्दा पनि चुप लागेर चीनले नाकाबन्दी गरेको होइन, यो प्राविधिक कारणले बन्द छ भन्न सक्ने भातेहरूलाई चीनले लगाएको झापड बिलकुल ठीक छ । २०५७ सालदेखि नै तैं चुप, मैं चुप भनेर बस्ने भतुवा राजनीतिज्ञहरूको यस्तै हविगत हुनुपर्ने हो, तर अफसोस के छ भने आम जनताले यो प्रपञ्च बुझ्न सकेको छैन । जनतालाई भोको पेटको व्यवस्थापन गर्दै फुर्सद छैन र पो हाम्रा राजनीतिकर्मीहरू यस विधि गति र मति दुवै छाडा हुन पुगेका छन् ।

हाम्रा प्रधानमन्त्री चीन भ्रमणमा जाँदा सीमाबारे कुरा हुने कि नहुने वा भारतमा जस्तै हुने हो ठेगान छैन । उनलाई दिइएको राय सुझावमा यति विधि भीक्षाटन गर्ने ढोकाहरू राखिएका छन् कि सम्भवत: उनले सबै ढोका पुगेर माग्न नै भ्याउन्नन होला । त्यसैले विद्युत् निर्यातको सम्भाव्यता अध्ययन गर्ने र एक–दुईवटा बिआरआई अन्तर्गतको परियोजना लिएर फर्कनेबाहेक अन्य उही भैंसी र घाँसको ओसारपसारमा सन्धि सम्झौता हुन सक्छ । किनभने भारत र चीन दुवै शक्ति राष्ट्र हुन् र यिनीहरूले प्रकाशित गरेको नक्शाले कार्टोग्राफिक एग्रेसनलाई सङ्केत गर्दैछ, जुन नेपालजस्तो देशको लागि सङ्कटको घडी हो । भारत–चीन र पाकिस्तान तीनवटै आणविक शक्ति सम्पन्न देशहरू हुन् । भारतमा २०२४ मा हुने भनिएको चुनावको सन्दर्भमा सत्तासीन दलले अन्तिम घडीमा जनमत आफ्नो पक्षमा पार्न पाकिस्तानतर्फ कुनै न कुनै प्रकारको सैन्य कारबाइ गर्ने सम्भावना बढ्दै गएको पृष्ठभूमिमा चीनद्वारा प्रकाशित नक्शाले कूटनैतिक सन्देश दिएको अर्थ्याउन सकिन्छ । हाम्रो आफ्नै अर्थतन्त्र रुग्ण छ । यस्तो अवस्थामा हामीले सर्वप्रथम आफ्नो स्वाधीनता र सीमाको सुरक्षामा बढी ध्यान दिनुपर्नेमा बेखबर भएको देखेर अत्यन्त दु:ख लाग्दछ ।

भारतको ७६औं स्वतन्त्रता दिवसको शुभकामना दिन लेखेको लेखमा मैले भारतकी प्रख्यात लेखिका अरुन्धति रायले चीनलाई केही गर्न नसक्ने भारत नेपाललाई Whooping Boy भन्ठान्छ भनेर उल्लेख गरेकोमा यो प्रसङ्गपछि चीनको नेपालप्रतिको हेराइ पनि त्यसभन्दा फरक नरहेको भन्न सकिन्छ ।

Whooping Boy को अर्थ सधैं रोइराख्ने बच्चा लाग्दछ । दुवै बलियो राष्ट्रको बीचमा हाम्रो छवि यस्तो छ भने सबभन्दा पहिले हामी आफ्नै सामर्थ्य र सोचमा वयस्क नबनेसम्म छिमेकीको, हाम्रो बारेमा धारणा परिवर्तन हुने आस गर्न सकिंदैन । यस सन्दर्भमा प्रम प्रचण्डको चीन भ्रमणको नतीजाबाट के निस्कन्छ हेर्नैपर्ने भएको छ ।

# चीनतर्फ पनि बिजुली व्यापारको ढोका खुल्दै

रमेश लम्साल/रासस
काठमाडौं, ९ असोज

नेपाल र चीनबीच बिजुली आदान–प्रदानका लागि उच्च क्षमताको प्रसारण प्रणाली निर्माण हुने भएको छ । नेपालतर्फ यस अघि नै सम्पूर्ण अध्ययन भइसकेको र निर्माण गर्न ठिक्क भइसकेको रसुवागढी–केरुङ प्रसारण लाइन चीनतर्फ पनि जोड्ने आवश्यक सहमति भएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको चीन भ्रमणका क्रममा नेपाल र चीनबीच २२० केभी क्षमताको प्रसारण लाइन निर्माणका लागि आवश्यक समझदारी भएको छ । पछिल्लो समझदारी अनुसार नेपालको चिलिमे हब र चीनको जिलुङबीच प्रसारण प्रणाली जोडिने छ । नेपालतर्फ कुल १६ किलोमिटर लामो प्रसारण लाइन निर्माण हुनेछ । चीनतर्फ आवश्यक अध्ययन अगाडि बढाउने समझदारी भएको छ ।

यस अघि नुवाकोटको रातमाटे हुँदै चीनको केरुङ जोड्नेगरी ४०० केभी क्षमताको प्रसारण लाइन निर्माणका सम्बन्धमा आवश्यक प्रक्रिया अगाडि बढाइएको थियो । नेपालले दुई फरक प्रकृतिका ४०० केभी र २२० केभी क्षमताका प्रसारण प्रणालीको अध्ययन गरेको थियो । लगानीका सम्बन्धमा पनि आवश्यक तयारी गरिएको थियो ।

नेपालतर्फ सबै अध्ययन भए पनि चीनतर्फ भने अध्ययन नसकिएकोले यसपटक आवश्यक अध्ययन अगाडि बढाउनेगरी प्रधानमन्त्रीको भ्रमणका क्रममा समझदारी भएको छ । पछिल्लो समझदारीले दुई देशबीच प्रसारण सञ्जाल निर्माण प्रक्रिया अगाडि बढ्ने ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरेले जानकारी दिए ।

दक्षिण छिमेकी देश भारतसँग नियमित विद्युत् निर्यात र आयात भइरहेको छ । बङ्गलादेशसँग पनि बिजुली निर्यातका लागि आवश्यक तयारी भइरहेको छ । उत्तरी छिमेकी देश चीनसँग पनि बिजुली व्यापारको ढोका खोल्ने उक्त प्रसारण लाइन आफैंमा महत्त्वपूर्ण मानिएको छ । सो प्रसारण लाइन निर्माणका लागि प्रधानमन्त्री प्रचण्डको चीन भ्रमणका क्रममा पुन: महत्त्वपूर्ण समझदारी भएको छ ।

समझदारी अनुसार चिनियाँ प्राविधिक अध्ययनका लागि नेपाल आउने छन् । नेपालका तर्फबाट यस अघि भएका अध्ययनका आधारमा चिनियाँ प्राविधिकले थप अध्ययन गर्ने र निर्माण प्रक्रिया शुरू गर्ने सचिव घिमिरेको भनाइ छ । प्रधानमन्त्री दाहालको भ्रमणदलको सदस्यका रूपमा चीनमा रहेका सचिव घिमिरेले भने–"प्रसारण लाइन निर्माणका सम्बन्धमा आवश्यक समझदारी भएको छ । यो आफैंमा महत्त्वपूर्ण छ ।"

दुई देशबीच भएको समझदारीले चीनतर्फ विद्युत् व्यापारका लागि प्रसारण लाइन बनाउने महत्त्वपूर्ण समझदारी भएको र यसले बिजुलीको बजार उत्तरतर्फ पनि विस्तार गर्ने विश्वास लिइएको छ । त्रिशूली र यसका सहायक नदीमा निर्माण भएका, निर्माणमा जाने तयारीमा रहेका र अध्ययन भइरहेका आयोजनाबाट उत्पादित बिजुली चीनतर्फ निर्यातका लागि सो प्रसारण लाइन निर्माण गरिने ऊर्जा मन्त्रालयका सम्बद्ध अधिकारीको भनाइ छ । रसुवाको चिलिमेमा हाल उच्च क्षमताको सबस्टेशन निर्माण अन्तिम चरणमा छ । सो सबस्टेशनमा रसुवागढी, साञ्जेनलगायत आयोजनाको बिजुली जोडिने छ ।

रसुवामा निर्माणाधीन प्रसारण लाइन र सबस्टेशन निर्माणलाई गति दिन ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणले आवश्यक पहल गरिरहेको छ । ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतले प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई अब कुनै ढिलाइ नगरी सबस्टेशन र प्रसारण लाइन निर्माणमा ध्यान दिन र सोही अनुसार निर्माण व्यवसायी परिचालन गर्न निर्देशन दिइसकेका छन् ।

दुई देशबीच ऊर्जा क्षेत्रमा दीर्घकालीन सहकार्य गर्ने उद्देश्यका साथ ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समिति र सहसचिवस्तरीय संयुक्त कार्यदलसमेत क्रियाशील छ । कोरोनालगायत कारणले ती संयन्त्रको बैठक नियमित बस्न सकेको थिएन ।

प्रधानमन्त्री दाहालको भ्रमणपछि ती संयन्त्रको बैठकसमेत नियमित अगाडि बढ्ने विश्वास लिइएको छ । यस्तै केही जलविद्युत् आयोजनामा लगानी र सहकार्यका विषयमा समेत महत्त्वपूर्ण सहमति भएको छ । यद्यपि सबै विषय दुई देशका तर्फबाट जारी हुने संयुक्त वक्तव्यमा समावेश हुने बताइएको छ ।

नेपालको ऊर्जा क्षेत्रको विकासमा चीनले महत्त्वपूर्ण सहयोग गर्दै आएको छ । चिनियाँ प्राविधिक तथा निर्माण व्यवसायीले नेपाली प्राविधिकलाई दक्ष बनाउनेदेखि लगानीमा समेत उनीहरूको सहकार्य रहँदै आएको छ । यस्तै केही महत्त्वपूर्ण आयोजनामा चिनियाँ लगानीकर्ताले लगानीका लागि चासोसमेत व्यक्त गरेका छन् ।

सरकारले सन् २०३५ सम्मको ऊर्जा विकाससम्बन्धी कार्ययोजना तयार पारेको सन्दर्भमा वैदेशिक लगानीसमेत अत्यावश्यक रहन्छ । त्यसमा अन्य देशका लगानीकर्ता जस्तै चिनियाँ लगानीकर्तालाई नेपालमा लगानीका लागि सरकारले आग्रह गरिरहेको छ ।

यस अघि नै नुवाकोटको रातमाटे–केरुङ प्रसारण लाइनको विस्तृत परियोजना प्रतिवेदन चिनियाँ कम्पनी स्टेट ग्रिड कर्पोरेशन अफ चाइना र नेपाल विद्युत् प्राधिकरणले गरेको थियो । यस्तै वातावरणीय प्रभाव मूल्याङ्कनको काम प्राधिकरणको सहायक कम्पनी एनइए इन्जिनीयरिङ कम्पनीले अगाडि

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# सार्वजनिक सेवा प्रसारण विधेयकबारे विज्ञसँग परामर्श

काठमाडौं, ९ असोज/रासस

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सार्वजनिक सञ्चारमाध्यमलाई जनताप्रति जवाफदेही र उत्तरदायी तुल्याउन सार्वजनिक सेवा प्रसारणसम्बन्धी विधेयक अघि बढाइएको बताएकी छन्।

प्रतिनिधिसभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा प्रविधि समितिमा सार्वजनिक सेवा प्रसारणसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमाथि शुरू भएको छलफलमा उनले सार्वजनिक सञ्चारमाध्यम सरकारको गुणगान गर्ने संस्थाका रूपमा मात्र सीमित हुन नहुने धारणा राखिन्।

मन्त्री शर्माले भनिन्, "सञ्चारमाध्यम भजनमण्डली होइन, जनताप्रति उत्तरदायी बनून् भन्ने सरकारको ध्येय हो। विधेयक तर्जुमाको समयभन्दा अहिले परिस्थिति धेरै परिवर्तन भएको छ, त्यहीअनुरूप परिमार्जन गर्दै लैजानुपर्छ।"

सरकारले रेडियो नेपाल र नेपाल टेलिभिजनलाई राष्ट्रिय सार्वजनिक सेवा प्रसारणका रूपमा रूपान्तरण गरी लोकतान्त्रिक मूल्य, मान्यता र स्वतन्त्र पत्रकारिताको मर्मलाई आत्मसात् गर्दै स्वच्छ, निष्पक्ष र जनताप्रति उत्तरदायीरूपमा सञ्चालनको उद्देश्य राखी कानून निर्माण अघि बढाएको हो।

मन्त्रालयका सचिव कृष्णबहादुर राउतले रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एकै ठाउँमा राखेर सार्वजनिक सेवा प्रसारणको अवधारणा अनुसार लामो छलफल र बहसपछि सदनमा प्रवेश पाएको बताइन्।

उनले भनिन्, "संविधानले प्रत्याभूत गरेको सूचनाको हक तथा विचार र अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गर्न सार्वजनिक प्रसारणसम्बन्धी नयाँ कानून निर्माणका लागि मस्यौदा गरिएको हो।" दुवै संस्थालाई सार्वजनिक सेवा प्रसारणका रूपमा रूपान्तरण गरी सुदृढ, सबल र सशक्त बनाएर नागरिकलाई सुसूचित गराउन सकिने सरकारको दृष्टिकोण रहिआएको छ।

विषयविज्ञका तर्फबाट राष्ट्रिय समाचार समिति (रासस)का अध्यक्ष धर्मेन्द्र झाले सरकार आफैंले मिडिया चलाउनेभन्दा जनताको सहभागिता र निगरानी चाहिन्छ भन्ने आवाज उठिरहेको बताए। उनले सैद्धान्तिकभन्दा पनि रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एकै ठाउँमा राखेर चलाऔं भन्ने उद्देश्यबाट विधेयकको मस्यौदा आएको बताए।

उनले भने, "दुवै संस्थाबीच मर्ज नभएर रूपान्तरण गरिने हुँदा कर्मचारी व्यवस्थापन, सञ्चालनका लागि आर्थिक सुनिश्चितता, पहुँच विस्तारका साथै



प्रतिनिधि सभा शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको मङ्गलवार सिंहदरबारमा आयोजित बैठकमा धारणा राख्दै राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष धर्मेन्द्र झा। तस्वीरः रासस

स्वायत्तता, तटस्थ र समावेशीको पाटोलाई पनि ध्यान दिनु उत्तिकै जरुरी छ।" प्रस्तावित संस्थाले निजी क्षेत्रलाई नभई सञ्चालनमा रहेका सरकारी संस्थाको व्यवस्थापन गर्ने स्पष्ट पार्दै अध्यक्ष झाले सूचना र शिक्षा निर्वाधरूपमा जनतामा पुऱ्याउने राज्यको दायित्व भएको बताए। उनले विधेयकलाई छलफलमा मात्र सीमित नबनाइ यथाशीघ्र निष्कर्षमा पुऱ्याउन सुझाव दिए।

विज्ञ नेपाल टेलिभिजनका पूर्वअध्यक्ष डा महेन्द्र विष्टले सार्वजनिक प्रसारण संस्था स्थापनाको मुख्य उद्देश्य रहेको विधेयकमा रेडियो नेपाल र नेपाल टेलिभिजनलाई रूपान्तरण गर्ने मुख्य लक्ष्य समेटिएको बताए। उनले भने, "विधेयकको प्रस्तावनामा स्पष्टता, संस्थाको नाममा पुनर्विचार, संस्थागत स्वायत्तता र कार्य जिम्मेवारीबारे पनि पुनरावलोकन हुनुपर्छ। पदाधिकारीको नियुक्ति र बजेटको पाटोमा विशेष ख्याल पुऱ्याउनुपर्छ।"

बैठकमा सदस्यहरू बद्री पाण्डे, सुमना श्रेष्ठ, विद्या भट्टराई, डा तोशिमा कार्की, शम्भु हजरा, दीपा शर्मा, छविलाल विश्वकर्मा, डा चन्द्र भण्डारीलगायतले सार्वजनिक सेवा प्रसारण संस्थालाई राजनीति हस्तक्षेपबाट मुक्तका साथै सूचनाको पहुँच विस्तार गरी जनमत बढाउन साझा संस्थाका रूपमा अघि बढाउनुपर्ने खाँचो औंल्याए।

कुन सूचना आधिकारिक हो? भन्नका लागि सरकार मातहत नै एउटा सार्वजनिक प्रसारण सेवा आवश्यक रहेको बताउँदै उनीहरूले पत्रकारिता बहुपक्षीय र निष्पक्ष हुन जरुरी रहेको धारणा राखे। समिति सदस्यहरूले अझै पनि धेरै नागरिक सूचनाको पहुँचबाट टाढै रहेकाले पहुँच विस्तारसँगै स्वच्छ, स्वतन्त्र र निष्पक्ष सूचना प्रवाहको सुनिश्चितता गर्नुपर्ने विचार प्रकट गरे। ३० वटा दफा रहेको विधेयकमा सार्वजनिक सेवा प्रसारण संस्थाको कोषमा सङ्घ, प्रदेश र स्थानीय तहबाट प्राप्त अनुदान, विदेशी सरकार वा विदेशी सङ्घसंस्थाबाट प्राप्त हुने र संस्थाको आम्दानीबाट प्राप्त रकम जम्मा हुने व्यवस्थाका लागि प्रस्ताव गरिएको छ।

संस्थाको मुख्य जिम्मेवारी भौगोलिक अखण्डता र राष्ट्रिय एकता, सामाजिक तथा सांस्कृतिक सद्भाव कायम, राष्ट्रिय हित र राष्ट्रियता प्रवर्द्धन तथा सङ्घीय एकाइबीच सुसम्बन्ध अभिवृद्धि गर्ने समाचार, सूचना, सन्देश र कार्यक्रम उत्पादन तथा प्रसारण गर्नेलगायत छन्।

सार्वजनिक सरोकार र नागरिकका आवश्यकता अनुसारको विषयमा कार्यक्रम उत्पादन र प्रसारण, नागरिकको सूचनाको हक प्रचलन गराउन मुलुकका सबै भूभागमा प्रसारणको पहुँच पुऱ्याउने पनि संस्थाको जिम्मेवारी भएको विधेयकमा उल्लेख छ। विधेयकमा संस्थाको नीति निर्माण गर्न तथा सो संस्थाले सम्पादन गर्नैपर्ने कार्यका लागि नीतिगत निर्देशन दिन सञ्चार तथा सूचना प्रविधिमन्त्रीको अध्यक्षतामा १५ सदस्यीय परिषद् रहने व्यवस्था प्रस्ताव गरिएको छ।

# जनकपुरधाममा अधिकांश मासुपसल मापदण्डविपरीत

जनकपुरधाम, ९ असोज/रासस

यहाँका अधिकांश मासुपसल मापदण्डविपरीत सञ्चालन भएका पाइएको छ। भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, धनुषाको अगुवाइमा मङ्गलवारदेखि शुरू भएको अनुगमनका क्रममा जनकपुरधामस्थित रेलवे स्टेशन क्षेत्रमा रहेका मासुपसलको अवस्थाबारे जानकारी लिइएको थियो।

केन्द्रका प्रमुख डा सञ्जीवकुमार ठाकुरले अनुगमनका क्रममा अधिकांश पसल दर्ताविना सञ्चालनमा रहेको पाइएको बताए। उजले मासु जाँचसम्बन्धी ऐन नियम अनुसार न्यूनतम मापदण्डसमेत पालना नगरेको र गुणस्तरहीन मासुसमेत भेटिएको बताए।

"धनुषाको मासु बजारका समस्याका विषयमा सञ्चारमाध्यममा समेत समाचार आएपछि अनुगमन गरेका हौं," उनले भने, "जसमा अधिकांश व्यवसायीले न्यूनतम मापदण्ड पनि पालना नगरेको पायौं, केहीलाई नियन्त्रणमा लिएका छौं भने केहीलाई कार्यालयमा उपस्थित हुन निर्देशन दिएका छौं।" अनुगमनका क्रममा करीब ३० किलो दूषित मासु नष्ट गरिएको छ।

पशुपक्षी रोग अन्वेषण प्रयोगशाला, धनुषामा कार्यरत डा राकेशमोहन सिंहले नियन्त्रणमा लिइएका मासु परीक्षणका लागि नमूना प्रयोगशालामा पठाइएको बताए।

घरेलु तथा साना उद्योग कार्यालय, धनुषाका सूचना अधिकारी मनोजकुमार कर्णले अनुगमन गरिएका पसलमध्ये अधिकांश दर्ताविना सञ्चालन भइरहेका पाइएको बताए। उनले ज्यूँदो कुखुरा बेच्ने अनुमति लिए पनि मासु काटेर बेच्ने गरेको, मासु र अन्डा एकै ठाउँमा



राखेर बिक्री गरिरहेको पाइएपछि दर्ता गरी मापदण्ड अनुसार सञ्चालन गर्न निर्देशन दिएको बताए।

पशुसेवा विज्ञ केन्द्रका प्रमुख डा ठाकुरले पहिलो चरणमा जनकपुर बजार क्षेत्रमा र त्यसपछि अन्य स्थानमा अनुगमन गरिने बताए। अनुगमनमा मासुपसल, भेटेरिनरी र डेरीको अनुगमन गरिने उनको भनाइ छ। अनुगमन टोलीमा जिल्ला प्रशासन कार्यालय, धनुषासहित सरोकारवालाका प्रमुख एवं प्रतिनिधिहरूको सहभागिता थियो।

# नेप्से परिसूचकमा दोहोरो अङ्कको वृद्धि

काठमाडौं, ९ असोज/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको वृद्धि देखिएको छ। मङ्गलवार नेप्से परिसूचक १८ दशमलव ४५ अङ्कले बढेर दुई हजार २२ दशमलव ९१ को बिन्दुमा कायम भएको हो।

आज विभिन्न कम्पनीका २८६ कम्पनीका ८७ लाख चार हजार ४७७ कित्ता शेयर ७८ हजार ६१६ पटक खरीद-बिक्री हुँदा रु दुई अर्ब नौ करोड ३८ लाख नौ हजार ५१८ बराबरको कारोबार भएको छ।

होटल तथा पर्यटन समूहको उपसूचक शून्य दशमलव १८ प्रतिशतले घटेको छ भने बाँकी सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा धेरै जलविद्युत् समूह तीन दशमलव नौ प्रतिशत र वित्त समूहको उपसूचक एक दशमलव ४४ प्रतिशतले बढेको छ।

मेन्छियाम हाइड्रोपावर लिमिटेड र मनकामना इन्जिनीयरिङ हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ। त्यस्तै, शुभम् पावर लिमिटेडको शेयर मूल्य नौ दशमलव ९९ प्रतिशत र मोलुङ हाइड्रोपावर कम्पनीको शेयर मूल्य नौ दशमलव ९६ प्रतिशतले बढेको छ। सबैभन्दा धेरै मूल्य घट्नेमा भने हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड छ। कम्पनीको शेयर मूल्य पाँच दशमलव ८७ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै एनआइसी एशिया बैंक लिमिटेडको रु आठ करोड ३४ लाख ६६ हजार २२४ बराबरको कारोबार भएको छ।

कारोबार भएका शेयर सङ्ख्याका आधारमा हिमाल दोलखा हाइड्रोपावर लिमिटेडको चार लाख १४ हजार ८५० कित्ता शेयर खरीद-बिक्री भएका छन्।

# कक्षा १२ को ग्रेडवृद्धि परीक्षा शुरू

भक्तपुर, ९ असोज/रासस

राष्ट्रिय परीक्षा बोर्डले मङ्गलवारदेखि कक्षा १२ को ग्रेडवृद्धि परीक्षा शुरू गरेको छ। बोर्डका अध्यक्ष डा महाश्रम शर्माले गत साउन ३० गते भएको कक्षा १२ को नतीजा सार्वजनिकमा 'नन ग्रेडेड' (एनजी) ल्याएका विद्यार्थीहरूका लागि आजदेखि ग्रेड वृद्धि परीक्षा सञ्चालन गरिएको जानकारी दिए।

कक्षा १२ को परीक्षाफलमा ननग्रेड अर्थात् एनजी ल्याउने विद्यार्थीका लागि मात्र ग्रेडवृद्धि परीक्षा सञ्चालन गरिएको हो। बोर्डका परीक्षा नियन्त्रक कृष्णप्रसाद शर्माले आज र बुधवार दुई दिन परीक्षा सञ्चालन हुने जानकारी दिए। उनले बिहान ११ बजेदेखि अपराह्न २ बजेसम्म परीक्षा सञ्चालन हुने जानकारी दिए।

आज पहिलो दिन एक विषयमा मात्र परीक्षा दिने परीक्षार्थीहरूको सबै विषयको परीक्षा, दुई विषयमा परीक्षा दिने परीक्षार्थीहरूका लागि आफूले परीक्षा दिने विषयमध्येको सानो कोड नम्बर भएको विषय तर अनिवार्य अङ्ग्रेजी तथा अनिवार्य नेपाली दुवै विषयमा ग्रेडवृद्धि परीक्षामा सहभागी हुने परीक्षार्थीले पहिलो




दिन अनिवार्य अङ्ग्रेजी र दोस्रो दिन अनिवार्य नेपाली विषयको परीक्षा हुनेछ।

त्यस्तै दोस्रो दिन दुई विषयमा परीक्षा दिने परीक्षार्थीका लागि आफूले परीक्षा दिने विषयमध्येको ठूलो कोड नम्बर भएको विषयको परीक्षा हुने उनले जानकारी दिए। देशभरका कुल ४१९ परीक्षा केन्द्रमा एकै साथ शुरू भएको परीक्षामा एक लाख २३ हजार तीन सय ९६ परीक्षार्थी ग्रेड वृद्धि परीक्षामा सहभागी भएका छन्। तीमध्ये एक विषयमा मात्र नन ग्रेडेड अर्थात् एनजी आउने ७९,५८४ विद्यार्थी परीक्षामा सहभागी छन्। लेटर ग्रेडिङ निर्देशिका अनुसार कुनै विषयमा ३५ प्रतिशत अङ्क पनि नल्याएमा ननग्रेडेड (एनजी) हुन्छन्। परीक्षा देशभरका परीक्षा केन्द्रमा शान्तिपूर्णरूपमा शुरू भएको परीक्षा नियन्त्रक शर्माले जानकारी दिए।

# 'दिव्य शताब्दी पुरुष' डा दासलाई नागरिक अभिनन्दन

काठमाडौं, ९ असोज/रासस

दिव्य शताब्दी पुरुष डा गौरीशङ्करलाल दासलाई मङ्गलवार नागरिक अभिनन्दन गरिएको छ। नेपालको चिकित्सा सेवा, नेपाल रेडक्रस सोसाइटी, मानव अधिकार, समाजसेवा, व्यवस्थापन, प्रशासन र सुशासनको क्षेत्रमा मुलुकलाई अतुलनीय योगदान पुऱ्याएकामा उनलाई नागरिकस्तरबाट अभिनन्दन गरिएको हो।

मूल समारोह समितिले आज आयोजना गरेको अभिनन्दन कार्यक्रममा समाजसेवी डा दासलाई कार्यवाहक प्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले अभिनन्दनपत्रद्वारा सम्मान गरे। उनलाई गत भदौ ३० गते नागरिक समाजको तर्फबाट दिव्य शताब्दी पुरुषको उपाधि प्रदान गरिएको थियो।

काठमाडौं महानगरपालिकाको सहकार्यमा दिव्य शताब्दी पुरुष डा गौरीशङ्करलाल दास जन्मशताब्दी वर्ष मूल समारोह समितिका तर्फबाट उनलाई अभिनन्दन गरिएको हो। वरिष्ठ चिकित्सक डा दासलाई नागरिकस्तरबाट विभिन्न निकाय र सङ्घसंस्थाका तर्फबाट पनि दोसल्ला र प्रसंशापत्रसहित अभिनन्दन गरिएको थियो। त्यस्तै, पूर्वउपराष्ट्रपति परमानन्द झा, पूर्व सभामुख दमननाथ ढुङ्गाना, पूर्व प्रदेश प्रमुख अनुराधा कोइरालालगायतले उनलाई माल्यार्पण गरी अभिनन्दन गरे।

सो अवसरमा कार्यवाहक प्रधानमन्त्री खड्काले चिकित्सा सेवा, मानव अधिकार, व्यवस्थापन, समाजसेवा र सुशासनको क्षेत्रमा मुलुकलाई अतुलनीय योगदान गरेका शिखर व्यक्तित्व डा दासको बहुआयामिक व्यक्तित्व र अमूल्य कार्यप्रति सबैले उच्च सम्मान र गौरव गर्नुपर्ने बताए। उनले डा दासको सम्मानमा सरकारका तर्फबाट आयोजक समितिसँग परामर्श गरी उनलाई राज्यका तर्फबाट हुने सम्मानबारे सम्बन्धित मन्त्रीले प्रक्रिया अगाडि बढाएको जानकारी प्राप्त भएको र यसलाई मूल समारोह समितिसँग परामर्श गरेर मन्त्रिपरिषद्बाट आवश्यक निर्णय गरिने बताए।

"डा दासले निजी एवं पारिवारिक स्वार्थभन्दा माथि उठेर समाज र राष्ट्रलाई अतुलनीय योगदान गर्दै आउनुभएको र आफ्नो सम्पूर्ण जीवन नै परोपकारमा समर्पण गर्नुभएको छ। पुण्य कर्मले जीवनलाई सार्थक बनाउनुभएको छ," कार्यवाहक प्रधानमन्त्री खड्काले भने।

उनले लोककल्याणकारी कार्यमार्फत देश, जनता र समाजको हितका लागि अमूल्य, अतुलनीय र अविष्मरणीय




योगदान दिएका व्यक्तिहरूको अभिनन्दन गरी यथोचित सम्मान गर्ने नेपाली समाजको मौलिक परम्परा र संस्कृति अभिन्न अङ्ग रहेको स्मरण गरे। उनले देश, जनता र समाजको समग्र विकासका लागि योगदान पुऱ्याउने अग्रणी व्यक्तित्वहरूलाई सम्मान गर्न सरकार सदैव तत्पर छ भने।

कार्यवाहक प्रधानमन्त्रीले भने, "राष्ट्रको विविधतालाई स्वीकार्दै मुलुकमा छरिएर रहेका विभिन्न जातजाति, भाषा, वर्ग, क्षेत्र, लिङ्ग र समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक उन्नयनका लागि सरकार दत्तचित्त भएको कुरा जानकारी गराउँछु।"

उनले सरकारका तर्फबाट समकालीन शिखर व्यक्तित्व डा दासलाई दीर्घ

(बाँकी पाँचौं पातामा)



**मलेखुको माछापसलको अनुगमनः** पृथ्वी राजमार्गको मलेखुमा रहेका माछापसलको अनुगमन गर्दै जिल्ला प्रशासन कार्यालय र घरेलु तथा साना उद्योग कार्यालयको टोली। टोलीले मलेखुका माछा प्रशोधन केन्द्र, माछापसल र होटलबाट हानिकारक रङ मिसावट गरिएका ५० हजार बराबरको माछा जफत गरेको छ। तस्वीरः रासस

# अन्तरदेशीय पूर्वाधार निर्माणलाई तीव्र गतिमा अघि बढाउने प्रतिबद्धता

एकराज पाठक/रासस

बेइजिङ, ९ असोज/रासस

नेपाल र चीनबीच अन्तर्देशीय विकास पूर्वाधार निर्माणलगायत द्विपक्षीय सहकार्य र साझेदारी गर्ने सहमति भएको छ। चीनको भ्रमणमा रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र उनका चिनियाँ समकक्षी ली छ्याङबीच प्रतिनिधिमण्डलस्तरीय वार्तापछि जारी संयुक्त वक्तव्यमा व्यापार प्रवर्द्धन तथा सहजीकरण, कूटनीतिक सम्बन्ध विस्तार तथा क्षेत्रीय सहयोगका लागि सहकार्य गर्ने विषयमा सहमति भएको हो।

वक्तव्यमा दुई देशबीचको सम्बन्ध, आपसी हितका लागि सहकार्य तथा क्षेत्रीय र अन्तर्राष्ट्रिय विषयमाथि सहकार्य गर्ने विषयमा छलफल भएको र केही महत्त्वपूर्ण सहमति जुटेको उल्लेख छ।

प्रधानमन्त्री प्रचण्डको भ्रमणका क्रममा नेपालले चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी)को २०औँ राष्ट्रिय कङ्ग्रेसको सफलताका लागि नेपालले बधाई ज्ञापन गरेको छ। चीनले पछिल्ला वर्षहरूमा गरेको आर्थिक तथा सामाजिक विकासको प्रशंसा गर्दै नेपालले थप समृद्धिका लागि कामना गरेको छ।

चिनियाँ पक्षले नेपालले गत वर्ष सम्पन्न गरेको तीन तहको निर्वाचन र त्यसपछिको नयाँ सरकार गठनका लागि बधाई ज्ञापन गर्दै चाँडै विकास र समृद्धिको लक्ष्य हासिल गर्नेमा विश्वास व्यक्त गरेको छ।


चीनका राष्ट्रपति सी जिनपिङको सन् २०१९ को नेपाल भ्रमणका क्रममा भएका द्विपक्षीय सहमति तथा सम्बन्ध विकास र समृद्धिका लागि लामो समयको मित्रतासहितको रणनीतिक साझेदारीबारे दुवै पक्षले स्मरण गरेका छन्। द्विपक्षीय सम्बन्धलाई कायम राख्ने, पारस्परिक विश्वास अभिवृद्धि, दुई देशबीच सबै तहमा सहयोग आदानप्रदान तथा विस्तार गर्ने प्रतिबद्धता दुवै देशले दोहोऱ्याएका छन्।

सन् १९५५ मा नेपाल र चीनबीच कूटनीतिक सम्बन्ध स्थापना भएयता विभिन्न अन्तर्राष्ट्रिय परिस्थितिको सामना गर्दै आपसी सम्मान, समानता, ऐक्यबद्धता र पारस्परिक सहयोगको भावनालाई दुवै देशले निरन्तरता दिँदै आएका छन्। नेपाल–चीन सम्बन्ध फरक भौगोलिक आकार र सामाजिक प्रणाली भएपनि आपसी मैत्री उत्कृष्ट उदाहरणका रूपमा रहेको संयुक्त वक्तव्यमा उल्लेख छ।

शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्त (पञ्चशील), संयुक्त राष्ट्रसङ्घको बडापत्र, दुई देशबीच भएका सहमतिलाई कार्यान्वयन गर्न दुवै देश सहमत भएका छन्। दुई देशबीचको रणनीतिक सञ्चारलाई बलियो बनाउने, चीनले अघि बढाएको 'बेल्ट एन्ड रोड इनिसिएटिभ' (बिआरआई)मा सहकार्य गर्ने, क्षेत्रीय एवं अन्तर्राष्ट्रिय चासोका साझा विषयमा समन्वय गर्न दुवै देश सहमत भएका छन्।

नेपालले 'एक चीन नीति'प्रतिको आफ्नो प्रतिबद्धता पुनः दोहोऱ्याएको छ। त्यस्तै, ताइवान चीनकै भूभाग भएको नेपालले आफ्नो धारणा स्पष्ट पारेको पनि संयुक्त वक्तव्यमा उल्लेख छ। "नेपाल ताइवान स्वतन्त्रताको विरुद्धमा छ। तिब्बत चीनको आन्तरिक मामला रहेको र नेपाली भूमिमा चीनविरुद्ध कुनै पनि पृथकतावादी गतिविधि हुन नदिने प्रतिबद्धता नेपाल जनाउँछ," संयुक्त वक्तव्यमा भनिएको छ। त्यस्तै, चिनियाँ पक्षले मित्रता, इमानदारी, पारस्परिक लाभ र समावेशिताको सिद्धान्त र छिमेकमा मित्रता र साझेदारी कायम गर्ने नीतिप्रति आफ्नो प्रतिबद्धता दोहोऱ्याएको छ।

'बेल्ट एन्ड रोड इनिसिएटिभ फ्रेमवर्क'भित्र रहेर द्विपक्षीय सहकार्यका लागि सन् २०१७ मे १२ मा भएको सम्झौता अघि बढाउन 'बिआरआई कार्यान्वयन योजना' चाँडो टुङ्ग्याउने सहमति भएको छ। दुई देशको विकास रणनीति अनुसार अनुभव आदानप्रदान गर्न पूर्वाधार सञ्जाल, व्यापार, पर्यटन, उत्पादन क्षमता र लगानी जस्ता क्षेत्रको सहयोगलाई थप सुदृढ बनाउन पनि दुवै देश सहमत भएका छन्। बन्दरगाह, सडक, रेलमार्ग, हवाईमार्ग र विद्युत् प्रसारणलाइनजस्ता क्षेत्रमा व्यवस्थित ढङ्गले पूर्वाधार सञ्जालमा दुवै देशले जोड


तस्वीरः रासस

दिएका छन्।

संयुक्तरूपमा हिमालयपार बहुआयामिक सम्पर्क सञ्जाल निर्माण गर्न दुवै देश सहमत भएका छन्। वक्तव्यमा संयुक्त लगानीका परियोजनामा कार्यरत कर्मचारीको सुरक्षाको प्रत्याभूति गरिएको छ। सन् २०२६ सम्ममा अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुने नेपालको लक्ष्यप्राप्तिका लागि विकास आवश्यकता पूर्ति गरेर सहजीकरण गर्ने चीनले प्रतिबद्धता जनाएको छ।

लिजी–नेचुङ बन्दरगाह सञ्चालन र यात्री सेवाका लागि झाङ्मु–खासा बन्दरगाह पुनः सञ्चालन गरिएकोमा दुवै पक्षले स्वागत गरेका छन्। लिजी–नेचुङ बन्दरगाहमा नेपाली पक्षको सुविधाका लागि यथाशीघ्र सुधार गर्न सहयोग गर्ने प्रतिबद्धता पनि चिनियाँ पक्षले जनाएको छ। त्यस्तै, पुलान र जिलोङ बन्दरगाहमा यात्री र कार्गो सेवाको सहज तथा व्यवस्थित सञ्चालनका लागि दुवै पक्षले प्रशंसा गरेका छन्। परम्परागतरूपमा सञ्चालन भइरहेका चीन–नेपाल सीमा व्यापार नाकाहरू पुनः खोल्न पनि चीन सहमत भएको छ। चेन्ताङ–किमाथाङ्का, रिवु–ओलाङचुङ्गोला बन्दरगाहलाई छिट्टै खोल्नका लागि निरन्तर सम्पर्क गर्ने विषयमा दुवै पक्ष सहमत भएका छन्।

नेपाललाई भूपरिवेष्टित मुलुकबाट भूजडित मुलुकमा परिणत गर्न चीनको पारवहन यातायात र राजमार्गको उपयोगसम्बन्धी यसअघि हस्ताक्षर गरिएका सहयोगसम्बन्धी दस्तावेजहरू कार्यान्वयनलाई निरन्तरता दिन दुवै पक्ष सहमत भएका छन्। नेपालको आवश्यकतालाई मध्यनजर गर्दै अरनिको राजमार्ग मर्मतसम्भार आयोजनाको चौथो चरणको काम शुरू गर्न चिनियाँ पक्ष तयार भएको छ। त्यस्तै, स्याफ्रुबेंसी–रसुवागढी राजमार्ग मर्मतको काम चाँडो शुरू गर्न चिनियाँ पक्ष सहमत भएको छ।

दुई देशबीचको यातायात सञ्जाल विस्तार गर्न टोखा–छहरे सुरुङमार्गको सम्भाव्यता अध्ययन चाँडो टुङ्ग्याउन, काठमाडौंको दोस्रो चरणको चक्रपथ विस्तार आयोजनालाई तीव्र गतिमा अघि बढाउन पनि दुवै देश सहमत भएका छन्।

जिलोङ–केरुङ–काठमाडौं अन्तर्देशीय रेलवेको सम्भाव्यता अध्ययनको प्रगतिप्रति सन्तुष्टि जनाउँदै चीन–नेपाल रेलवे सहयोगसम्बन्धी आठौं कार्यदलको बैठक यथाशक्य चाँडो गर्नेमा पनि नेपाल–चीनबीच सहमति भएको छ। चिनियाँ पक्ष नेपालमा रेलवेसँग सम्बन्धित तालीम दिन पनि तयार भएको छ।

दुवै देशका प्रधानमन्त्रीले दुई देशका नागरिक उड्डयन प्राधिकरणबीच भएको सहमतिको स्वागत गर्दै पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्पन्न र सञ्चालनमा आएकोमा सन्तोष व्यक्त गरेका छन्। दुवै देशले आफ्ना हवाई सेवालाई थप विस्तार गर्ने र बजार आवश्यकताका आधारमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट थप उडान गर्नेछन्। यसबाट पर्यटन तथा व्यापार प्रवर्द्धन र आर्थिक क्रियाकलापमा वृद्धि हुने अपेक्षा गरिएको छ।

ऊर्जा क्षेत्रमा जलविद्युत् उत्पादन आयोजना, सीमापार प्रसारण लाइन र सबस्टेशन निर्माणका लागि थप सहकार्य गर्ने सहमति भएको छ। नेपाल र चीनबीच ऊर्जा क्षेत्रमा रहेको संयुक्त कार्यान्वयन संयन्त्रको दोस्रो बैठकमार्फत 'नेपाल–चाइना इलेक्ट्रिक पावर को–अपरेशन प्लान'लाई अन्तिम रूप दिने सहमति भएको छ।

जिलोङ–केरुङ–रसुवागढी–चिलिमे २२० केभी क्षमताको अन्तर्देशीय विद्युत् प्रसारणलाइन निर्माणको काम चाँडै शुरू गर्ने सहमति भएको छ। ऊर्जा क्षेत्रको 'चीन–नेपाल संयुक्त कार्यान्वयन संयन्त्र'मार्फत जलविद्युत्, वायु, सौर्य र बायोमास ऊर्जाका साथै हाइड्रोजनको क्षेत्रमा सहयोग आदानप्रदान तथा सहकार्य विस्तारमा काम गर्ने वक्तव्यमा उल्लेख छ। नेपालको उत्तरी भेगका दुर्गम गाउँहरूमा विद्युतीकरण गर्न चीनको सिजाङ स्वायत्त क्षेत्रबाट बिजुली आपूर्तिका लागि नेपाली पक्षले गरेको अनुरोधलाई चीनले सकारात्मकरूपमा लिएको छ। अर्थतन्त्र विस्तार तथा व्यापार प्रवर्द्धन, लगानी, कृषि, पर्यटन, उत्पादन क्षमता, गरिबी निवारण, स्वास्थ्य र शिक्षा जस्ता क्षेत्रमा थप सहकार्य गर्ने विषयमा पनि सहमत भएको उल्लेख छ।

चीनमा हालै सम्पन्न व्यापार सहजीकरणसम्बन्धी दोस्रो कार्यदल बैठकका उपलब्धिमा दुवै पक्षले सन्तुष्टि व्यक्त गरेका छन्। द्विपक्षीय व्यापार प्रवर्द्धनका लागि उक्त बैठकलाई कोसेढुङ्गाका रूपमा लिइएको छ। दुई देशबीचको व्यापार र लगानी प्रवर्द्धन गर्न पारदर्शी र भेदभावरहित व्यावसायिक वातावरण स्थापनाका लागि दुवै पक्ष सहमत भएका छन्। नेपाल–चीनबीचको 'ट्रान्जिट प्रोटोकल' अन्तर्गत चिनियाँ पारवहन सुविधा उपयोग गरी तेस्रो मुलुकबाट सन् २०२३ सेप्टेम्बर ७ मा ट्रान्जिट कार्गोको पहिलो 'ब्याच' नेपाल आइपुगेको थियो।

चीन–नेपाल मैत्री औद्योगिक पार्क आयोजना विकास सम्झौतामा लगानी बोर्डको कार्यालय र 'ल्हासा इकोनोमिक एन्ड टेक्नोलोजिकल डेभलपमेन्ट जोन इन्भेस्टमेन्ट डेभलपमेन्ट कम्पनी' दुवैले वार्ता प्रक्रियालाई तीव्रता दिने र जतिसक्दो चाँडो पिडिएमा हस्ताक्षर गर्ने र आयोजना निर्माणको काम जतिसक्दो चाँडो शुरू गर्न दुवै पक्ष सहमत भएका छन्।

व्यापार र भुक्तानी सम्झौताको समीक्षा तथा परिमार्जन गर्न संयुक्त प्राविधिक कार्य समूहको स्थापनाका लागि दुई देशबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ। सन् २०२३ अगस्तमा आयोजना हुने सातौं 'चीन–दक्षिण एशिया एक्स्पो'मा नेपालको सहभागिताका लागि चीनले आग्रह गरेको छ। त्यस्तै, सन् २०२३ नोभेम्बरमा साङ्घाईमा आयोजना हुने छैटौं 'चाइना इन्टरनेशनल इम्पोर्ट–एक्स्पोर्ट'का लागि पनि चीनले नेपाललाई स्वागत गरेको छ।

चीनको कृषि तथा ग्रामीण मामिला मन्त्रालय र नेपालको कृषि तथा पशुपक्षी विकास मन्त्रालयबीच भएको कृषि, पशुपक्षी तथा मत्स्यपालन क्षेत्रमा सहयोगसम्बन्धी समझदारीपत्रको नवीकरणलाई दुवै पक्षले स्वागत गरेका छन्। यो समझदारीपत्रले दुई देशबीचको कृषि सहयोगको स्तरलाई उचाइमा पुऱ्याउने र नेपाल–चीन कृषि सहयोगसम्बन्धी चौथो संयुक्त आयोगको बैठक यथाशीघ्र आयोजना गर्ने सहमति भएको छ। कृषि क्षेत्रमा थप सहकार्यका लागि कृषि औद्योगिक प्रदर्शनस्थल स्थापनाका लागि सकारात्मक छलफल भएको छ।

नेपाली घाँस चीनमा निर्यात गर्ने र चीनमा औषधि उत्पादनका लागि जडीबुटी निर्यात गर्न दुई देशबीच सहमति भएको र त्यसको प्रभावकारी कार्यान्वयनमा दुवै पक्षले विश्वास व्यक्त गरेका छन्।

नेपालबाट मासुजन्य पदार्थ निर्यातका लागि चीनले सहजीकरण गर्ने प्रतिबद्धता जनाएको छ। त्यस्तै, नेपालबाट 'सिट्रस फ्रूट' निर्यातका लागि क्वारेन्टिन प्रयोगशाला स्थापना गर्न नेपाली पक्षलाई सहयोग गर्न चिनियाँ पक्ष तयार भएको छ।

नेपाली उत्पादन चीन निर्यातमा ९८ प्रतिशत वस्तुमा कर छुट दिएकोमा चिनियाँ पक्षप्रति कृतज्ञता व्यक्त गरिएको छ। चिनियाँ पक्षले नेपाली उत्पादन आयातमा सहजीकरण, याक र च्याङ्ग्राको नश्ल सुधारका लागि सहकार्य गर्ने सहमति भएको छ। गरीबी निवारणसँग सम्बन्धित 'लाइटिङ अप द फ्युचर' र 'भाइब्रेन्ट फ्युचर' कार्यक्रम सुरुआत भएकोमा दुवै पक्षबाट स्वागत गरिएको छ।

कोभिड–१९ महामारीसँग मिलेर लड्नका लागि आपसी सहयोगको प्रशंसा गरेका छन्। चीनको सहयोगमा नेपालमा निजामती सेवा अस्पतालको स्तरोन्नति र मर्मतसम्भार भई हस्तान्तरण भएकोमा नेपालले धन्यवाद ज्ञापन गरेको छ। त्यस्तै, चिकित्सा क्षेत्रमा थप सुधारका लागि दुवै पक्ष सहमत भएका छन्। चीनले बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा बोनम्यारो प्रत्यारोपण सेवा सञ्चालन र मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयलाई सहयोगको प्रतिबद्धता जनाएको छ।

नेपालको आर्थिक तथा सामाजिक विकासमा चीनले गरेको सहयोगप्रति नेपालले प्रशंसा गरेको छ। भूकम्पपछिको पुनर्निर्माणका आयोजनालाई द्रुत गतिमा कार्यान्वयन गर्न दुवै पक्ष सहमत भएका छन्। आपत्कालीन व्यवस्थापन र विपद् रोकथाम, न्यूनीकरण र राहतमा सहयोग विस्तार गर्न थप छलफल गर्ने सहमति भएको छ।

नेपालमा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रका लागि प्राविधिक सहयोग उपलब्ध गराउन र 'अर्थक्वेक मनिटरिङ नेटवर्क' सञ्चालन र मर्मतसम्भारका लागि सहयोग गर्ने प्रतिबद्धता चीनले जनाएको छ। भूकम्पसँग सम्बन्धित द्विपक्षीय ज्ञान र सूचना आदानप्रदानका लागि सहमति भएको छ। नेपालमा विपद् रोकथाम र न्यूनीकरणसम्बन्धी प्राविधिक तालीम उपलब्ध गराउन चीन सहमत भएको छ।

नेपाल–चीन सीमाको संयुक्त निरीक्षण गर्न र सीमा व्यवस्थापन प्रणाली कार्यान्वयनका लागि दुई देशबीच भएका सम्झौतालाई यथाशीघ्र कार्यान्वयनमा ल्याउने पनि सहमति भएको छ। दुवै देशका गृह मन्त्रालयबीच तीन तहमा सीमा सम्पर्क प्रणाली स्थापना गर्ने विषयमा छलफल जारी राख्न पनि सहमति भएको छ। आपराधिक क्रियाकलाप नियन्त्रणका लागि पारस्परिक कानूनी सहायतासम्बन्धी चीन–नेपाल सन्धि अनुमोदनलाई तीव्रता दिने विषयमा पनि दुवै देश सहमत भएका छन्।

शिक्षा, विज्ञान तथा प्रविधि, दूरसञ्चार, संस्कृति, पर्यटन, रेडियो र टेलिभिजन, प्रबुद्ध समूह र युवा क्षेत्रमा सहयोग आदानप्रदान एवं सहकार्य गर्न दुवै पक्ष तयार रहनेछ। नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र

(बाँकी पाँचौं पातामा)

## फरक समाचार

### शरीरले महसूस गर्छ २७ किसिमको माया

शोधकर्ताले मानव शरीरको एउटा नक्शा बनाएका छन्, जसमा मायाको अलग–अलग अनुभूति र त्यसको तीव्रता देखाइएको छ। फिनल्यान्डको आल्टो युनिभर्सिटीका शोधकर्ताले यस नक्शा बनाउन सयौं व्यक्तिमाथि सर्भे गरी तथ्याङ्क


© Getty

प्रयोग गरेका छन्। सर्भे गरिएका व्यक्तिहरूबाट २७ भिन्दाभिन्दै किसिमका मायाको अनुभवबारे जानकारी जम्मा गरिएको थियो।

उदाहरणको लागि रोमान्टिक प्रेम, सेक्सुअल प्रेम, मातापितासरह प्रेम, मित्रप्रतिको प्रेम, अनजान, प्रकृति, ईश्वरप्रतिको प्रेम। उनीहरूसँग सोधिएको थियो– के आफ्नो शरीरमा अलगअलग किसिमका प्रेमको अनुभूति हुन्छ र शारीरिक तथा मानसिकरूपले कति तीव्र यसलाई महसूस गर्नुहुन्छ ?

नतीजा अनुसार अलगअलग किसिमका प्रेममा कमजोरदेखि सशक्त हुने एउटा निरन्तरता देखाइएको थियो। यस अध्ययनलाई साइन्स जर्नल फिलोसोफिकल साइकोलोजीमा प्रकाशित गरिएको छ।

**प्रेमको तीव्रताः** शोधकर्ताले बताएका छन् कि प्रेमको तीव्र अहसास पूरै शरीरमा महसूस गरिएको थियो। यसको पत्ता ती प्रतिक्रियाबाट लाग्यो, जुन उच्च शिक्षा प्राप्त गरेका युवा महिलाहरूले दिएका थिए। अध्ययनका संयोजक दार्शनिक पार्टिली रिनले भने, यद्यपि यो अचम्मको कुरा होइन तर ध्यान दिनुपर्ने कुरा हो कि नजीकको सम्बन्धसँग सम्बन्धित प्रेमको अहसास एकसरत हुन्छ र सबैभन्दा तीव्रताले महसूस गरिन्छ।

सर्वेक्षणमा भाग लिने मानव शरीरको एक आकृतिमा रङ्ग भर्न भनिएको थियो ताकि उनीहरूले बताउन सकोस् कि शरीरको कुन भागमा कुन प्रकारको प्रेमको अनुभूति उत्पन्न हुन्छ र शारीरिक र मानसिकरूपले उनीहरूलाई अलगअलग तरीकाले कसरी महसूस गरे, यो अनुभूति कति सुखद थियो र स्पर्शको साथ यसको के सम्बन्ध थियो।

अन्त्यमा उनीहरूसँग प्रेमका प्रकारको बीच नजीकलाई मूल्याङ्कन गर्न भनियो। रिनेले भने प्रेमको त्यो प्रकार जुन विशेषरूपले एकअर्काप्रति नजीक हुन्छन्, उनीहरूमा सेक्सुअल र रोमान्टिक दुईवटा पाटा हुन्छन्।

शोधकर्ताको भनाइ छ कि सबै प्रकारका प्रेमलाई टाउकोमा बढी महसूस गरिएको थियो तर त्यसको तीव्रता शरीरका भिन्दाभिन्दै भागमा भिन्दाभिन्दै हुन्छ। कसैलाई छातीमा असर हुन्छ, जबकि कसैलाई पूरै शरीरमा महसूस हुन्थ्यो।

**मुटुदेखि मस्तिष्कसम्म असरः** रिनेले भने, भावनाको शारीरिक र मानसिक तीव्रता र यसको सुखद अहसासको बीच ठोस सम्बन्ध पत्ता लाग्नु दिलचस्प कुरा थियो। प्रेमको अहसास शरीरमा जति बढी हुन्छ, त्यत्तिकै बढी मानसिकरूपमा महसूस गरिन्छ र यो बढी सुखद हुन्छ।

उनले भने, जब हामी तीव्र अनुभूति भएको प्रेमसँग कम तीव्र अनुभूति हुने प्रेमलाई महसूस गर्छौं, छातीमा उत्तेजना पनि लगातार कम हुँदै जान्छ, शायद यो यस कारण हुन्छ किनभने अनजानको लागि प्रेम सोचविचारको प्रक्रियासँग जोडिएको हुन्छ। साथै यो यस कारण पनि हुन सक्छ कि टाउकोमा सुखद अहसासको अनुभव हुन्छ। रिनेले भने, यसबारेमा जाँच हुनुपर्छ। उनले प्रेममा सांस्कृतिक अन्तर पनि मुख्य भूमिका हुन्छ। यदि यो अध्ययन धेरै धार्मिक समुदायमा हुन्छ भने ईश्वरप्रति महसूस हुने प्रेम बढी तीव्र हुन्छ।

यसैगरी यदि सम्बन्ध मातापितासँग छ भने उनीहरू आफ्नो बच्चालाई सबैभन्दा बढी प्रेम महसूस गर्छन्।

### यी रोगमा खानुहुँदैन अन्डा

**पाचनः** अन्डाले हाम्रो पाचन प्रक्रियामा असर पार्छ। यदि पाचनसम्बन्धी समस्या छ भने अन्डा खानुहुँदैन। अन्डा बिस्तारै पच्ने गर्छ, जसले गर्दा पाचनसम्बन्धी समस्यालाई झनै बढाउँछ। यसको अलावा अपच, बान्ता हुने, मन बेचैन हुने,



टाउको, पेट दुख्नेलगायतका समस्यामा पनि अन्डा सेवन गर्नुहुँदैन।

**कोलेस्ट्रोलः** शरीरमा यदि नराम्रो कोलेस्ट्रोल बढेको छ भने अन्डा खानुहुँदैन। खानै मन लागेको छ भने त्यसको पहेंलो भाग खानुहुँदैन। अन्डाले शरीरमा कोलेस्ट्रोलको स्तर उच्च बनाउँछ, जसले गर्दा कोलेस्ट्रोलसम्बन्धी समस्या बढाउने गर्छ।

**मुटुरोगः** मुटुरोगसम्बन्धी समस्या छ भने अन्डादेखि परहेज गर्नुपर्छ। अन्डाले रक्तसञ्चारमा बाधा उत्पन्न गराउँछ।

**दस्तः** दस्तको समस्या छ भने बिर्सिएर पनि अन्डा सेवन गर्नुहुँदैन। अन्डाको प्रकृति गरम हुन्छ, जसले पेट खराब भएपछि झनै समस्या बढाउँछ।

**इन्सुलिन रेसिस्टेन्सः** धेरैजसोलाई अमलेट र उसिनेको अन्डा साथै खान मन लाग्छ तर यस्तो गर्नुहुँदैन। यसले शरीरमा नराम्रो असर गर्छ। बढी अन्डा खाएपछि मुटुरोग लाग्न सक्छ साथै यसले शरीरको इन्सुलिन रेसिस्टेन्स पनि हुन सक्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# हिन्द–प्रशान्त क्षेत्रको स्थायित्वका लागि अमेरिका–भारत साझेदारी अपरिहार्य

नयाँ दिल्ली, ९ असोज/एएनआई

अमेरिकी सेनाका प्रमुख र्‍यान्डी जर्जले हिन्द–प्रशान्त क्षेत्रको अमेरिकी सेनाप्रमुखले अमेरिका र भारतीय सेनाबीचको साझेदारीले हिन्द–प्रशान्त क्षेत्रमा स्थायित्व कायम गर्न सहज गर्ने साझा रणनीतिसमेत तयार गर्नुपर्ने परिस्थिति उत्पन्न भएको बताउँदै उनले सेनाहरूबीचको सम्बन्ध बलियो बनाउन



अमेरिकी सेनाका प्रमुख र्‍यान्डी जर्ज। तस्वीरः एएनआई

स्थायित्वका लागि अमेरिका–भारत साझेदारी अपरिहार्य भएको बताएका छन्।

हिन्द–प्रशान्त क्षेत्रका सेना प्रमुखहरूको हिजोदेखि देशको राष्ट्रिय राजधानीमा शुरू भएको सम्मेलनमा भारतीय सेनाप्रमुख मनोज पाण्डेका साथ भएको संयुक्त पत्रकार सम्मेलनमा हुने बताए।

हिन्द–प्रशान्त क्षेत्रका सेनाहरूबीचको संवाद र छलफलले आपसी विश्वास र मैत्रीलाई सुदृढ बनाउने तथा चुनौतीपूर्ण वर्तमान वातावरणमा सहकार्य र साझेदारी गर्दा यस क्षेत्रका सबैलाई फाइदा हुने बताए।

अतिवाद, सङ्गठित अपराध नियन्त्रण सम्मेलन उपयोगी हुने विश्वास व्यक्त गरे।

भारतीय सेनाप्रमुख पाण्डेका अनुसार हिन्द–प्रशान्त क्षेत्रका १९ देशका सेनाप्रमुख सहभागी रहेको सम्मेलनको मुख्य उद्देश्य आपसी समझदारी, संवाद र मैत्रीका माध्यमबाट यस क्षेत्रमा शान्ति र स्थायित्व प्रवर्द्धन गर्नु हो। रासस

# एपेक बैठक सहयोग विस्तारमा केन्द्रित हुनुपर्ने

बेइजिङ, ९ असोज/सिन्ह्वा

चीनका विदेशमन्त्री वाङ यीले आगामी नोभेम्बरमा संयुक्त राज्य अमेरिकामा हुने एशिया–प्रशान्त आर्थिक सहयोग (एपेक) बैठक द्वन्द्वलाई बिर्सेर सहयोग बढाउने मञ्चका रूपमा केन्द्रित हुनुपर्ने बताएका छन्।

'विश्व समुदायको साझा भविष्य : चीनको प्रस्ताव र व्यवहार' शीर्षकमा चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय राजनीतिक विभागले आयोजना गरेको पत्रकार सम्मेलनमा प्रशान्त क्षेत्रका २१ देश सदस्य रहेको अन्तर्सरकारी मञ्च एपेकको अमेरिका बैठकमा चीनले रचनात्मक भूमिका निर्वाह गर्ने बताए।

एपेकको महत्त्वपूर्ण सदस्य एवं सबैभन्दा ठूलो विकासशील देश चीन सकारात्मक पक्षलाई बढावा दिन सधैं तत्पर रहेको बताउँदै चिनियाँ विदेशमन्त्रीले बैठक आयोजक देशका रूपमा अमेरिकाले पनि खुला तथा निष्पक्ष भएर व्यवहार गर्ने विश्वास व्यक्त गरे।

बैठकका निम्ति उपयुक्त वातावरण बनाउन वाशिंगटन नचुक्ने विश्वास पनि विदेशमन्त्री वाङले व्यक्त गरे। स्वास्थ्य, जलवायु परिवर्तनलगायत विश्वले सामना गर्नुपरेका चुनौती समाधानका निम्ति पनि चीनले उपाय सुझाएको उनले बताए।

आगामी नोभेम्बर १५ देखि १३ सम्म क्यालिफोर्नियाको तेस्रो ठूलो शहर सान फ्रान्सिस्कोमा 'सबैका निम्ति दिगो र उत्थानशील भविष्य निर्माण'बारे बृहत् छलफल गर्न एपेक शिखर बैठक हुँदैछ। रासस

# इन्धन डिपो विस्फोट हुँदा २० जनाको मृत्यु

येरेभान, ९ असोज/एएफपी

नागोर्नो काराबाखमा सोमवार इन्धन डिपो विस्फोट हुँदा २० जनाले ज्यान गुमाएका छन्। स्थानीय अधिकारीहरूका अनुसार अजरबैजानी सेनाको कारबाईबाट जोगिन हजारौं आर्मेनियाली उक्त क्षेत्रबाट भागेका बेला यो घटना भएको हो।

घटनास्थलमा परिचय नखुलेको १३ वटा शव भेटिएको र थप सातजनाको अस्पतालमा मृत्यु भएको अधिकारीहरूले बताएका छन्।

आर्मेनियाका अधिकारीहरूले भने २९० जनाभन्दा बढी घाइते अस्पताल भर्ना गरिएका तथा तीमध्ये धेरैको अवस्था चिन्ताजनक रहेको जनाएका छन्।

अजरबैजानले १० महीनादेखि इन्धन आपूर्तिमा अवरोध गरेको सन्दर्भमा उक्त डिपोमा इन्धन पाइने आसमा लामबद्ध भएका उपभोक्ता मारिएका आशङ्का गरिएको छ।

यसैबीच नागोर्नो काराबाख क्षेत्रका १३,५०० आर्मेनियाली शरण खोज्दै येरेभान आएका सरकारी अधिकारीहरूले बताएका छन्।

अजरबैजानी सेनाबाट असुरक्षा महसूस गर्दै सोमवार राति ७०० भन्दा बढीले रूसी शान्ति सेनाको शिविरमा आश्रय लिएका थिए।

अजरबैजानका राष्ट्रपति इल्हाम अलीयेभले द्वन्द्वग्रस्त नागोर्नो–काराबाख क्षेत्रका जातीय आर्मेनियालीहरूको अधिकारको रक्षा गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – कर्मप्राप्ति |
| मिथुन – प्रगति | कर्कट – वादविवाद |
| सिंह – यात्रालाभ | कन्या – कडाश्रम |
| तुला – सुसमाचार | वृश्चिक – उदरपीडा |
| धनु – विजय | मकर – धनलाभ |
| कुम्भ – भाग्योदय | मीन – बेचैनी |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

**'दिव्य शताब्दी पुरुष' ....**

जीवनको शुभकामना व्यक्त गर्दै सबैलाई उनीजस्तै लोककल्याणको कार्यमा आजीवन समर्पित हुन थप प्रेरणा र ऊर्जा मिलोस् भनी कामना गरे।

सिराहाको इनर्वामा विसं १९८१ मा बुबा जनार्दनलाल दास र आमा भवानी देवीको कोखबाट जन्मेका डा दासले वीर अस्पतालबाट चिकित्सा सेवा आरम्भ गरी सात दशकदेखि विभिन्न निकाय र क्षेत्रमा योगदान दिइरहेका छन्। वरिष्ठ छातीरोग विशेषज्ञ डा दास हाल एक सय वर्षको उमेरमा पनि सामाजिक अभियन्ताको क्षेत्रमा सक्रिय छन्।

भारतको पटना विश्वविद्यालय र लन्डनको वेल्स नेशनल स्कूल अफ मेडिसिनबाट आफ्नो अध्ययन पूरा गरेका डा दासले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा पुर्‍याएको योगदानको कदर गर्दै नागरिक अभिनन्दन गरिएको हो। उनले राष्ट्रिय योजना आयोग, लोकसेवा आयोग, स्वास्थ्य मन्त्रालयलगायतमा सरकारी सेवा गरेका थिए। विभिन्न प्रतिष्ठित संस्थामा सामाजिक कार्य गरी धेरै सङ्ख्यामा पुरस्कार र सम्मान पाएका छन्।

कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सुरेन्द्रराज आचार्यले राष्ट्र र जनताका लागि अतुलनीय योगदान गरेका दिव्य शताब्दी पुरुष डा दासलाई राज्यका तर्फबाट उच्च सम्मान, मासिक वृत्ति तथा उनको सम्मानजनक जीवनयापनको लागि सरकारले आवश्यक प्रबन्ध गर्ने जानकारी दिए। उक्त प्रयोजनका लागि मन्त्रिपरिषद्बाट गरिने निर्णयका लागि आवश्यक प्रक्रिया मन्त्रालयले अगाडि बढाएको उल्लेख गरे।

दिव्य शताब्दी पुरुषको उपाधि पाएका डा दासले नागरिकस्तरबाट अभिनन्दित हुन पाउनु आफ्ना लागि गौरवको क्षण हो भन्दै अभिनन्दनका लागि आभार व्यक्त गरे। "आज मेरोलागि चरम हर्ष र उल्लासको दिन हो, यो गौरवको क्षण चिरस्मरणीय रहनेछ," डा दासले भने, "नागरिकको तर्फबाट अभिनन्दन गरिनु मेरोलागि गौरवको विषय हो। विभिन्न सामाजिक संस्थाका तर्फबाट पनि अभिनन्दनका लागि धन्यवाद, पत्रकार मित्रहरूलाई पनि राम्रो कभरेजका लागि धन्यवाद दिन चाहन्छु।"

**सुकुमबासी सङ्घर्ष समिति ...**

लागि ३५ दिने सार्वजनिक सूचना जारी गर्दासमेत निजगढ नपा मौन रहेकोले पाँच दिनभित्र उपलब्धि देखिनेगरी सबै कार्य अघि नबढाए पुनः चरणबद्धरूपमा सङ्घर्षमा उत्रने संयोजक मुक्तानद्वारा हस्ताक्षरित ज्ञापनपत्रमा उल्लेख छ।

नगरप्रमुख पुरीले जनताको काम आफ्नो कार्यकालमा उपलब्धिसहित सम्पन्न होस् भन्ने चाहना सबै जनप्रतिनिधिलाई हुने बताउँदै पछिल्लो समय निरन्तर वर्षा र प्राविधिक समस्याका कारण कामले गति लिन नसकेको बताए। उनले निजगढ नपा र वडाहरूले कामै नगरेको भन्ने कुरामा सत्यता नभएको दाबी गरे। आफू जनप्रतिनिधि भएर आएपछि नगरपालिकाले प्रक्रिया पूरा भएका भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोवासीहरूका लगत कम्प्युटरमा प्रविष्टि गराइ केही वडाहरूले निस्सा समेत वितरण गरिसकेको उनले बताए। अन्य वडाहरूमा यससम्बन्धी कार्यहरू अघि बढेको, निजगढ वडा नं ४ कछडिया टोल हुँदै वडा नं ८ सुकुमबासी टोल खयरघारी बस्तीमा नापी कार्य शुरू गरिए पनि वर्षायाममा निरन्तर वर्षा, केही प्राविधिक सामग्री बिग्रिएकाले काम रोकिएको बताउँदै ती समस्यालाई चाँडै निराकरण गरी कार्यलाई अघि बढाउने नगरप्रमुख पुरीले जानकारी दिए।

भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोवासीहरूका समस्या समाधान गर्न निजगढ नगरपालिका र राष्ट्रिय भूमि आयोगबीच २०७८/९/२४ गते सम्झौता भएको डेढ वर्ष बितिसक्दा पनि परिणाम देखिने गरी कार्य हुन नसकेको जनगुनासो छ।

गत शनिवार भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोवासीसम्बन्धी निजगढ नगर उद्योग वाणिज्य सङ्घद्वारा आयोजित भेलाले सुकुमबासी सङ्घर्ष समिति निजगढका संयोजकमा मुक्तानलाई चयन गरेको थियो।

**अन्तरदेशीय ...**

चीनको विज्ञान र प्रविधि मन्त्रालयबीच भएको सम्झौतामा दुवै पक्षले सन्तुष्टि व्यक्त गरेका छन्।

साथै दुई देशबीच डिजिटल अर्थतन्त्र, डिजिटल पूर्वाधार एवं आर्टिफिसियल इन्टेलिजेन्सजस्ता क्षेत्रमा सहकार्यका लागि छलफल गर्ने विषयमा पनि सहमति भएको छ। दुवै देशका विद्वत् वर्ग, विद्यार्थी, कलाकार र निजी क्षेत्रका उद्यमीको मैत्रीपूर्ण सहकार्यका लागि पनि सहमत भएको उल्लेख छ।

**चीनतर्फ पनि ...**

बढाइरहेको छ। उत्तरी छिमेकी देशसँग पनि प्रसारण लाइन निर्माण हुने भएपछि नेपाली बिजुली भारत, बङ्गलादेशका अतिरिक्त चीनसमेत पुग्ने विश्वास लिइएको छ। कोरोनालगायत कारणले रोकिएका संयन्त्रका बैठक नियमित हुने र बिजुली आदान–प्रदानका लागि प्रधानमन्त्रीको भ्रमणका क्रममा दुई देशका उच्च अधिकारीको उपस्थितिमा महत्त्वपूर्ण विचार आदानप्रदान भएको बताइएको छ।

यस्तै हुम्लाको सिमीकोट–हिल्सा सडक निर्माणका सन्दर्भमा पनि दुई देशबीच महत्त्वपूर्ण सहमति भएको छ। ती सहमतिपत्रमा चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठ र चिनियाँ अधिकारीले हस्ताक्षर गरेका छन्।

चीनले नेपालको पर्यटन प्रवर्द्धन कार्यक्रममा सहयोग गर्ने, चिनियाँ पर्यटक नेपाल पठाउनका लागि प्रोत्साहित गर्ने तथा नेपालमा चिनियाँ पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले सन् २०२५ लाई नेपाल भ्रमण वर्ष घोषणा गर्ने विषयमा समझदारी भएको छ।

आठौं चाइना साउथ एशिया फ्रेन्डशिप अर्गनाइजेशन फोरममा नेपाली संस्थालाई चिनियाँ पक्षले स्वागत गरेको छ। दुवै देशका जनस्तरको सम्बन्ध प्रगाढ तुल्याउनका लागि दुई देशका विभिन्न शहरबीच भगिनी सम्बन्ध स्थापना गरिनेछ। चीनको प्रेस र प्रकाशन विभाग र नेपालको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबीच ग्रन्थ अनुवाद र प्रकाशनमा सहमति भएकोमा सन्तोष व्यक्त गरिएको छ।

दुई देशबीचको दीर्घकालीन मित्रताको प्रतीकका रूपमा नेपालले चिनियाँ पक्षलाई एक जोडी एक सिङ्गे गैंडा उपहारस्वरूप उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ। चीन नेपालमा चिनियाँ भाषा पढाउने शिक्षक र स्वयंसवेक पठाउन सहमत भएको छ।

दुवै देशबीच आपसी सहकार्यलाई सबल तुल्याउँदै विकासशील देशको साझा हितलाई मध्यनजर गर्दै संयुक्त राष्ट्रसङ्घ र अन्य बहुपक्षीय मञ्चमा एकअर्कालाई सघाउन दुवै पक्षबीच सहमति भएको छ।

बहुपक्षीय व्यापार प्रणालीलाई समर्थन गर्दै संरक्षणवादको विरोध गर्ने, आर्थिक विश्वव्यापीकरणलाई थप खुला, समावेशी, सन्तुलित र सबैका लागि लाभदायक तुल्याउन विश्वव्यापी प्रवर्द्धन गर्ने, क्षेत्रीय शान्ति कायम गर्ने, सुरक्षाको प्रबन्ध गर्ने, विकास र समृद्धिलाई जोड दिई मानवजातिका लागि साझा भविष्य निर्माणमा सहयोग गर्ने दुवै पक्ष सहमत भएका छन्।

चीनले प्रस्ताव गरेको ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ (जिडिआई)मा नेपाली पक्षले समर्थन गर्ने र विकासको अनुभव आदानप्रदान गर्न चिनियाँ पक्ष तयार रहनेछ।

विकास र समृद्धिका लागि चिरस्थायी मित्रता र नेपाल–चीनबीच रणनीतिक साझेदारीमा प्रधानमन्त्री प्रचण्डको चीन भ्रमण सकारात्मक भएकोमा दुवै पक्षले सन्तोष व्यक्त गरेका छन्।

चिनियाँ नेताको निमन्त्रण र न्यानो आतिथ्यका लागि चिनियाँ सरकार र जनताप्रति प्रधानमन्त्री प्रचण्डले आभार व्यक्त गर्दै चिनियाँ नेतृत्वलाई नेपाल भ्रमणको निम्तोसमेत दिएका छन्। सो अवसरमा चिनियाँ नेताहरूले नेपाल भ्रमणको निमन्त्रणका लागि प्रधानमन्त्री प्रचण्डलाई धन्यवाद व्यक्त गरे। उनीहरूले दुवै पक्षले कूटनीतिक माध्यमबाट संवाद जारी राख्नेसमेत बताए।



**निर्माणाधीन झोलुङ्गे पुलः** बागलुङ नगरपालिका–४ गौरीधामदेखि पर्वतको नाङ्लीबाङ जोड्ने गरी कालीगण्डकी नदीमाथि निर्माण भइरहेको झोलुङ्गे पुल। यो पुल ५२४ मिटर लामो छ। तस्बिरः रासस



वीरगंजको घण्टाघर र शहीद स्मारकमा लाइटिङ र फाउन्डेशनको काम भएपछि अहिले सो क्षेत्रमा सेल्फी लिनेहरू आकर्षित हुन थालेका छन् । तस्वीरः नितेश कर्ण

# तीन महीना नबित्दै सडक भत्कन थाल्यो



तस्वीरः प्रतीक

प्रस, रौतहट, ९ असोज/

सडक निर्माण भएको तीन महीना नबित्दै भत्कन थालेको छ।

देवाहीगोनाही नगरपालिकाको मलङचोकदेखि देवाही जाने सडक भत्कन थालेको छ।

सो सडक तीन महीनाअघि ठेकेदार नागेन्द्र साहले कालोपत्रे गरेका थिए। सडक डिभिजन कार्यालयका प्राविधिकको मिलेमतोमा सडक गुणस्तरहीन बनेको सरोकारवालाहरूको भनाइ छ।

सो सडकमा दुर्घटनाको जोखिम उच्च रहेकोले मर्मत गर्नुपर्ने स्थानीयले माग गरेका छन्।


## बालअधिकारप्रति संवेदनशील बनौं ।

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारको सुनिश्चित गरौं, गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौं ।
- बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## अनुमतिविना सञ्चालित ...

आफ्नो अनुमति दुरुपयोग गर्न दिने नौवटा विद्यालयलाई कारबाई गर्नुपर्ने प्रतिवेदन पेश गरेका थिए। सोही प्रतिवेदनको आधारमा शिक्षा समितिको हिजो बसेको बैठकले अवैध शैक्षिक संस्थालाई जरिवाना तथा बन्द गरी कारबाई गर्ने निर्णय भएको शिक्षा महाशाका प्रमुख अरविन्दलाल कर्णले बताए।

समितिले सङ्घीय शिक्षा ऐन २०२८ को दफा १७ (१) (क) तथा महानगर शिक्षा ऐनको दफा ४१ अनुसार दण्ड, सजाय एवं जरिवाना गर्ने निर्णय गरेको उनले बताए।

वीरगंज महानगरले अवैधरूपमा सञ्चालन भएको ठहर गर्दै वीरगंज स्कूल अफ ल, युनिभर्सल कलेज, इम्पिरियल कलेज, अन्नपूर्ण पब्लिक कलेज, प्रिन्सटन कलेज, युनिभर्सल +२ कलेज, सत्यम पब्लिक कलेज, पर्सा म्यानेजमेन्ट कलेज, नेशनल कलेजलाई रु एक/एक लाख जरिवाना गरेको छ भने बिजीबिज किड्स प्रिस्कूललाई रु ५० हजार जरिवाना गरेको छ।

यस्तै, आफ्नो अनुमतिपत्र दिएर अन्य विद्यालय सञ्चालन गराएर दुरुपयोग गरेको कसूरमा पिस जोन एकेडेमी, ओसिस मावि, ग्रीनल्यान्ड मावि, गोल्डेन वाटिका स्कूल, ज्ञान निकेतन मावि, न्यूवेभ एकेडेमी, एन्जल इन्टरनेशनल बोर्डिङ स्कूल, मूनलाइट इङ्लिश बोर्डिङ स्कूल र वीरगंज सेन्ट्रल स्कूललाई पनि रु ५०/५० हजार जरिवाना गर्ने निर्णय गरेको छ।

बैठकले अनुमति नलिएका शैक्षिक संस्थालाई भवन/कोठा भाडामा दिने घरधनीलाई घरबहाल कर दाखिला गर्न लगाउने र अब उप्रान्त अनुमति नलिएका शैक्षिक संस्थालाई घर/कोठा भाडामा नदिन सचेत गराउने निर्णय गरेको छ।

बैठकले सिलबन्दी भएका शैक्षिक संस्थाले तत्काल प्रक्रिया पुर्याइ अनुमति माग गर्न आएमा नियमानुसार शैक्षिक संस्थालाई अनुमति दिन सकिने शिक्षा महाशाखा प्रमुख कर्णले बताए।






# खेलकूदको संसार

## १९औं एशियाली खेलकूद : २२८ पदकको छिनोफानो, नेपाल पदकविहीन

हाङझाउ (चीन), ९ असोज/रासस

१९औं एशियाली खेलकूद, २०२३ अन्तर्गत सोमवारसम्म २२८ पदकको छिनोफानो भएको छ। एशियाली खेलकूदमा कुल सहभागी ४५ मुलुकमध्ये हालसम्म २५ मुलुकले पदक प्राप्त गरेका छन्। नेपाल भने हालसम्म पदकविहीन छ। नेपालले हालसम्म खेलेका कुनै पनि खेलमा राम्रो प्रदर्शन गर्न सकेको छैन।

सोमवारसम्म भएको खेल प्रदर्शनका आधारमा हालसम्म चीनले ३९ स्वर्ण २१ रजत र नौ कांस्यसहित ६९ पदक प्राप्त गर्दै शीर्ष स्थान ओगटेको छ। यस्तै दक्षिण कोरिया १० स्वर्ण, १० रजत, १३ कांस्यसहित ३३ पदकका साथ पदक तालिकाको दोस्रो स्थानमा रहेको छ। जापान पाँच स्वर्ण, १४ रजत र १२ कांस्यका साथ ३१ पदक प्राप्त गर्दै तेस्रो स्थानमा तथा उज्बेकिस्तान चार स्वर्ण, ६ रजत र ६ कांस्यसहित १४ पदकका साथ पदक तालिकाको चौथो स्थानमा रहेको छ। यस्तै हङकङ चाइना तीन स्वर्ण, चार रजत र सात कांस्यसहित कुल १४ पदक प्राप्त गर्दै पाँचौं स्थानमा रहेको छ।

**नेपालको निराशाजनक प्रदर्शन**

चीनको हाङझाउमा जारी १९औं एशियाली खेलकूद अन्तर्गत सोमवारसम्मको खेलमा नेपाली खेलाडीले निराशाजनक प्रदर्शन गरेका छन्। टेनिसमा सोमवार नेपालका सबै खेलाडी पराजित भएका छन्। नेपाल चारवटै स्पर्धामा पराजित भएको हो। पुरुष एकलतर्फ पहिलो चरणको खेल जितेका नेपालका प्रदीप खड्का सोमवार जापानी खेलाडीसित सोझो सेटमा पराजित भए।

पुरुष एकलतर्फ नै नेपालका अभिषेक बाँस्तोला हङकङसित पराजित भए। यसैगरी महिला डबल्समा नेपालकी अभिलाषा विष्ट र माहिका राणाको जोडी दक्षिण कोरियासित पराजित भयो। मिक्स डबल्समा पनि नेपालका अभिषेक बाँस्तोला र अभिलाषा विष्टको जोडी इन्डोनेशियाका खेलाडीसित पराजित भयो।

**फेन्सिङमा पनि नेपाल पराजित**

एशियाली खेलकूद अन्तर्गत सोमवार फेन्सिङमा पनि नेपालका सबै खेलाडी पराजित भए। पुरुष साब्रे व्यक्तिगत स्पर्धामा नेपालका प्रयास योञ्जन पाँचवटै खेलमा पराजित भए। उनी काजकिस्तान, हङकङ, उज्बेकिस्तान, इरान र साउदी अरेबियाका खेलाडीसित पराजित भए। पुरुष साब्रे व्यक्तिगत स्पर्धामा नेपालका राजेन्द्र गजुरेल कुवेत, हङकङ, चीन, भियतनाम, दक्षिण कोरिया र जापानका खेलाडीसित पराजित भए।

यस्तै महिला फोइल व्यक्तिगततर्फ नेपालकी मन्दिरा थापा हङकङ, जापान, जोर्डन, दक्षिण कोरिया, मकाउ र थाइल्यान्डका खेलाडीसित पराजित भइन्। यस्तै गोमा आचार्य दक्षिण कोरिया, थाइल्यान्ड, जापान, सिंगापुर, युएई र चीनका खेलाडीसित पराजित भइन्।

**रग्बीमा नेपाल जितविहीन**

रग्बीमा पहिलोपटक एशियाली खेलकूदमा सहभागी भएको नेपालको पुरुष टोली पराजित भयो। समूह सीमा रहेको नेपाल आइतवार युएई, चीन र अफगानिस्तानसित पराजित भएको हो। सोमवार नेपाल फिलिपिन्स र थाइल्यान्डसित पनि पराजित भयो।

**साइक्लिङमा पनि खराब प्रदर्शन**

सोमवार साइक्लिङ क्रस कन्ट्रीमा प्रतिस्पर्धा गरेका नेपालका दुवै खेलाडीले दौड पूरा गर्न सकेनन्। महिलातर्फ उषा खनाल र पुरुषतर्फ सुरज राना मगर सहभागी भएका थिए। दुवैजनाले निर्धारित दूरी पूरा गर्न सकेनन्। दुवैले माउन्टेन बाइक क्रसकन्ट्रीमा भाग लिएका थिए। पुरुषतर्फ कुल १७ खेलाडी सहभागी थिए। महिलातर्फ १५ खेलाडी सहभागी थिए।

**बास्केटबलमा जापानसित पराजित**

महिला थ्री बाई थ्री बास्केटबलमा नेपाल सोमवार जापानसित पराजित भएको छ। समूह बी अन्तर्गत नेपाल जापानसँग २२–४ अङ्कले पराजित भएको हो। श्रेया खड्काको कप्तानीमा रहेको नेपाली टोलीमा गरिसा सिलवाल, मीना गुरुङ र रिनछेन मोक्तान रहेका छन्। नेपालले अब बुधवार काजकिस्तानसित तथा शुक्रवार ताइपेईसित खेल्नेछ।

**बक्सिङमा रविन विजयी**

पुरुष बक्सिङमा सोमवार नेपालका रविन थापाले ५१ किलो तौल समूहमा अन्तिम ३२ को खेलमा इन्डोनेशियाका खेलाडीलाई पराजित गरे। उनी अङ्कका आधारमा ४–१ ले विजयी भएका हुन्। रविनले अब प्रिक्वाटर फाइनलमा उत्तर कोरियाका खेलाडीसित खेल्नेछन्।

**तेक्वान्दोमा दुवै खेलाडी पराजित**

तेक्वान्दोमा सोमवार नेपालका दुवै खेलाडी पराजित भएका छन्। तेक्वान्दोमा नेपालकी अञ्जली तामाङले मिश्रित खेल प्रदर्शन गरिन्। महिला ४९ किलोमुनिको तौल समूहमा उनले पहिलो चरणमा कम्बोडियाकी खेलाडीलाई १०–४ अङ्कले पराजित गरिन्। प्रिक्वाटर फाइनलमा भने अञ्जली थाइल्यान्डकी खेलाडसित पराजित भइन्। यस्तै पुरुष ५८ किलोमुनिको राउन्ड अफ ३२ मा नेपालका राहुल कुमाल साउदी अरेबियाका खेलाडसित पराजित भए।

**जुडोमा पनि नेपाल पराजित**

जुडोमा पनि सोमवार नेपालका तीनै खेलाडी पराजित भए। नेपालका मनीता श्रेष्ठ, जंगबहादुर सारू र पूनम श्रेष्ठ इप्पोनका आधारमा पराजित भएका थिए।

पूनम महिला ७५ किलोमुनिको तौल समूहमा मङ्गोलियाकी खेलाडीसत पराजित भइन्। महिला ५७ किलोमुनिको तौल समूहमा मनीता तुर्कमिनिस्तानकी खेलाडीसित पराजित भइन्। यस्तै पुरुष ८१ किलोमुनिको तौल समूहमा जंगबहादुर फिलिपिन्सका खेलाडीसित पराजित भए।

**उसुमा कमजोर प्रदर्शन**

उसुमा पनि सोमवार नेपाली खेलाडीहरूको प्रदर्शन कमजोर रह्यो। थाउलो अन्तर्गत महिला चाङक्वानमा नेपालकी सुस्मिता तामाङ ११ खेलाडीमध्ये आठौं स्थानमा रहिन्। थाउलोकै पुरुष ताजिक्वानमा नेपालका पासाङ शेर्पा १८ खेलाडीमा अन्तिममा रहे।

**पौडीमा नेपाली खेलाडी हिट चरणबाटै बाहिरिए**

पौडीमा पनि सोमवार नेपाली खेलाडी हिट चरणबाटै बाहिरिए। महिला २०० मिटर फ्रिस्टाइलमा नेपालकी डुवाना लामा हिट चरणबाटै बाहिरिइन्। उनी आठ खेलाडी सहभागी हिटमा अन्तिम स्थानमा रहिन्। यस्तै पुरुष ५० मिटर फ्रिस्टाइलमा एलेक्स शाह पनि आफ्नो हिटमा अन्तिम स्थानमा रहँदै बाहिरिए।



पछिल्लो समय वीरगंज महानगरपालिकाको ट्राफिक व्यवस्थापन फितलो बनेको छ। ट्राफिक व्यवस्थापनका लागि घण्टाघरमा ट्राफिक लाइट जडान गरे पनि प्रभावकारी हुन सकेको छैन। घण्टाघरछेउमा ट्राफिक प्रहरीको ड्युटी भए तापनि पार्किङ निषेधित क्षेत्रमा पार्किङ हुने गरेको छ। ट्राफिक व्यवस्थापन हुन नसक्दा बेलुका ५ देखि ७ बजेसम्म घण्टाघरदेखि आदर्शनगरचोकसम्म जाम लाग्ने गरेको छ। शब्दचित्रः नितेश कर्ण